# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**19th JULY 2016**

| वर्ष– ३४ | अङ्क– ३ | गुरु पुन्हि | साउन २०७३ |
|---|---|---|---|




श्रद्धावान्, शीलवान् र यशका भागी व्यक्ति जहाँ गए पनि सम्मान सत्कारको पात्र बन्दछ ।

साधुसन्तहरू टाढा बसे पनि हिमालय झैं चम्कन्छ, असत्पुरुषहरू रातको अन्धकारमा छोडेको वाण झैं देखिंदैन ।

एउटै आसनमा बस्ने र एउटै शैय्यामा सुत्ने आलस्य रहित तथा एक्लै विचरण गरेर आत्म दमन गर्ने व्यक्ति आनन्द पूर्वक जङ्गलमा बास गर्दछ ।

असत्यवादीले नरक भोग गर्छ । आफूले गरेको कार्यलाई पनि गरेको छैन भनी झूठोवादी बन्छ । यी दुबै प्रकारका नीच कार्य गर्ने व्यक्तिले मृत्यु पछि समान कर्म फल भोग्छ ।

*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९

नेपाल सम्बत् ११३६

इस्वी सम्बत् २०१६

बिक्रम सम्बत् २०७३

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# धर्मचक्र प्रवर्तन दिवस

बुद्धत्त्व प्राप्त गर्नु भएपछि भगवान् आफूले अपार आनन्दको अनुभव गर्नुभयो । आफूले प्राप्त गरेका ज्ञान अरूलाई पनि सिकाउने र ज्ञान प्रचार गर्ने उद्देश्य अगाडि सार्नुभयो । तर फेरि उहाँले यसरी विचार गर्नुभयो–

"मैले प्राप्त गरेको चतु आर्यसत्य र आर्य अष्टाङ्गिक मार्ग जस्तो अमूल्य ज्ञान धेरै गम्भिर र बुझ्न कठिन ज्ञान हो। यस ज्ञानलाई बुझाउन त्यति सजिलो छैन। किनभने यस संसारका धेरैजसो मानिसहरू राग, द्वेष, मोह, ईर्ष्या र अहंकार जस्तो क्लेशहरूमा जकडिरहेका छन् । ती अबुझ व्यक्तिहरू यो ज्ञान बुझाउनको लागि समय नष्ट गरिरहनु भन्दा त म एक्लै जंगलमा गई आनन्दपूर्वक ध्यान गर्दा नै वेश हुनेछ ।"

यति विचार गर्दा गर्दै फेरि उहाँको मनमा अर्को विचारधारा आउन थाल्यो "म सिद्धार्थ कुमार भइरहेको अवस्थामा अज्ञानीहरूलाई उद्धार गर्नेछु भन्ने विचारलिई दरवार त्याग गरेको थिएँ। संसारका सबै व्यक्तिहरू मूर्ख नै छैनन र हुँदैनन् पनि । ती मध्ये कोही कोही त बुद्धि र ज्ञान भएका पनि त हुन्छन् । उनीहरूले भएपनि यस ज्ञानलाई बुझि हाल्छन् नि ।"

यति विचार गर्नुभई उहाँले फेरि धर्म प्रचार गर्ने विचार राख्नुभयो । त्यसपछि उहाँले आलारकालाम र उदकरामपुत्र दुईजना गुरुहरूलाई सम्झनुभयो । ती दुई त ज्ञानी व्यक्तिहरू हुन् । उनीहरूलाई नै पहिला यो ज्ञान बताउनु पर्ला भनी उनीहरूलाई खोज्न जानुहुँदा ती दुवै दिवंगत भइसकेको कुरा थाहा पाउनुभयो ।

त्यसपछि उहाँसँगै तपस्यामा लागेका पञ्च भद्रवर्गीयहरू ५ जनालाई सम्झनुभयो। उनीहरू ५ जनाले सिद्धार्थ कुमारले आहार सेवन गर्नुभएको कारणले उहाँलाई त्यागेर गएका थिए । हाल उनीहरू वाराणशी नजिक सारनाथमा बसेका थिए । उनीहरूको मनमा पुण्यरुपी बीउ लुकिरहेका छन्। उनीहरूमा यस गम्भीर ज्ञान बुझ्न सक्ने क्षमता हुन्छ भन्ने विचार लिई भगवान् बुद्ध सारनाथतर्फ लाग्नुभयो । बाटोमा उहाँले उपक नाम गरेको आजीवकलाई भेट्नुभयो। उपकले भगवान् बुद्धलाई देख्ने बित्तिकै "यस व्यक्ति त ठूलो धर्मात्मा जस्तो छ !" भन्ने विचार गरी यसरी प्रश्नगर्‍यो– "तपाईं को होला ?"

उनको यस प्रश्नलाई भगवान् बुद्धले उत्तर दिनुभयो–

"म भरखर बोधि ज्ञान लाभ गरेको बुद्ध हुँ ।

उनले फेरि प्रश्न गर्‍यो– "तपाईंको गुरु को होला ?"

भगवान् बुद्ध– "म आफैंले आफूलाई चिनिसके पछि दु:खको कारण तृष्णालाई पत्ता लगाई बोधि वृक्षमुनि बुद्ध भएको व्यक्ति हुँ । मेरो गुरु कोही पनि छैन ।"

यति कुरा सुनी उपक आजीवक नाक खुम्च्याउँदै तिमी जस्तो बुद्ध त कतिछन् कति भन्दै आफ्नो बाटो तताए। उपक आजीवकको यस्तो व्यवहार देखी भगवान् बुद्धले पञ्च भद्रवर्गीहरूलाई सम्झनुभई सारनाथ पुग्नुभयो। पञ्चभद्रवर्गीहरूले भगवान् बुद्धलाई टाढै देखि देखे। भगवान् बुद्धलाई देखेपछि उनीहरूले यसरी सल्लाह गर्नथाल्यो–

"तपभ्रष्ट सिद्धार्थ आउँदैछ । मीठो मीठो आहार सेवनगरी मोटाएर आएछ। उनी राजकुमार भएको नाताले चकटी एउटा त ओछ्याइदिनु पर्ला । त्यसपछि वास्ता नगर्ने यसलाई ।"

यसरी सल्लाह गरिराखेका पञ्चभद्रवर्गीहरूको अगाडि जब भगवान् बुद्ध आइपुग्नुभयो, उहाँको मैत्री वलको प्रभावले उनीहरू त्यसै बस्न सकेनन्। फलस्वरुप कसैले बुद्धको हातमा रहेको पात्र लियो, कसैले खुट्टा धुनको लागि पानी राखिदियो त कसैले वन्दना गरेर बस्न थाल्यो । उनीहरूले त्यसबेलासम्म पनि भगवान् बुद्धले बोधिज्ञान प्राप्त गरी बुद्ध बन्नुभएको विषयमा विश्वास गरेकै थिएनन् ।

अनि उनीहरूलाई भगवान् बुद्धले भन्नुभयो– "पञ्चभद्रवर्गीहरू ! तिमीहरूले मलाई पहिलाको व्यक्ति जस्तो नठान्नु। मैले बोधिज्ञान प्राप्त गरिसकें। सो अनुसार मैले संसारलाई यसरी देखेको छु "संसार भनेको दु:खको खानी हो । यो दु:खको कारण तृष्णा हो । अर्को शब्दमा भन्ने हो भने मानिसहरूको मन जति भएपनि नपुग्ने लोभीपनाले ग्रस्त रहेको छ । यही लोभ चेतनामा फसेर मानिसहरूले दु:ख पाइरहेका हुन्छन्। यस दु:खलाई निर्मुल पार्न सकिन्छ । यो दु:ख हटाउने ८ वटा मार्गहरू पनि पत्ता लगाइसकेको छु। पटिच्चसमुत्पाद ज्ञान र हेतुप्रत्यय



Downloaded from http://www.dhamma.digital

आदि कार्य र कारणबाट चलिरहेको यस संसारका नियम विषयमा सबै ज्ञान अनुसन्धान गरी पत्तालगाई बुद्ध बनें ।"

यसरी भगवान् बुद्धले पञ्च भद्रवर्गीहरूका अगाडि उहाँको परिचय प्रस्तुत गर्नुभयो ।

पञ्च भद्रवर्गीहरू मध्ये कौण्डञ्ञले भगवान् बुद्धको अनुहार एकटकले हेर्दै विचार गर्न थाल्यो– "हुन त हो, सिद्धार्थ कुमारको बानी, व्यवहार पहिला जस्तो छैन । अनुहारमा तेज छ । कुरा गर्ने ढंग पनि फरक भइसक्यो । पक्का पनि उहाँ बोध भइसकेको व्यक्ति नै हो ।"

त्यही समय भगवान् बुद्धले पञ्च पद्रवर्गीहरूलाई यसरी धर्मको ज्ञान बुझाउनुभयो– "हे भिक्षुहरू हो ! चतुआर्य सत्य विषयमा मैले कहिले पनि सुनेको र बुझेको थिएन । त्यसैले मैले यस विषयमा तिमीहरूको अगाडि कहिले पनि उल्लेख गरेको पनि थिएन ।"

"मैले ज्ञानको अनुसन्धान गर्दागर्दै यस चतुआर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग विषयमा पत्ता लगाई बुद्ध भएँ । त्यसैले अब मैले तिमीहरूलाई यस विषयमा बताउन गइरहेको छु सुन ।"

जन्म भएको कारणले नै बृद्ध, बृद्धा हुने, दुःख भोग्नु परेको हो । रोगी हुनुपरेको हो । मन परेको व्यक्तिसंग विछोड हुनुपर्ने र मननपर्ने व्यक्तिसँग जीवन बिताउनु पर्ने जस्तो दुःख भोग्न परिरहेको हुन्छ । आफ्नो इच्छा पूरा हुन नसक्ने दुःख र यो पञ्चस्कन्ध धारण गर्न परेको कारणले माथि उल्लेखित सम्पूर्ण दुःख भोग्न बाध्य नै भइरहेका हुन्छौं ।"

यी दुःखहरूबाट मुक्त हुनका लागि आठवटा मार्गहरूको अनुशरण गर्नुपर्छ । यी आठवटा मार्गहरू मध्ये पहिलो मार्ग सम्यकदृष्टि अर्थात् ठीक तरिकाले बुझ्ने क्षमता अत्यावश्यक छ । ऐनाद्वारा सत्य, तथ्य दृश्य देख्न मद्दत गरे जस्तै सम्यक दृष्टि सहितको व्यक्तिसँग ठीक बेठिक विषयलाई छर्लङ्ग छुट्टाउने क्षमता हुनेछ । उनीहरूले दुःखको कारणलाई छर्लङ्ग देखिरहेको हुन्छ । यस्तो व्यक्तिसँग सम्यक संकल्प अर्थात् ठीक वचन, ठीक कार्य, ठीक जीविका, ठीक अभ्यास, ठीक स्मृति र ठीक समाधि आदि ७ वटा मार्गहरूलाई पार गर्दै दुःखबाट मुक्त हुने शक्ति प्राप्त गर्दछ ।

भगवान् बुद्धबाट यसरी धर्मचक्र प्रवर्तन गर्नुभएपछि भिक्षु कौण्डञ्य पहिला बोध भए । यो दिन असार पूर्णिमाको दिन थियो । त्यसको एक हप्तापछि जब भगवान् बुद्धले अनत्तलक्खन सुत्त देशना गर्नुभयो, तब बाँकी रहेका अन्य ४ जना ऋषिहरू बप्प, भद्दिय, महानाम र अस्सजित पनि बोध भए ।

यसरी पाँचजना व्यक्तिहरूले ज्ञान बोध गरिसके पछि भगवान् बुद्धले उनीहरू ५ जना व्यक्तिहरूलाई प्रव्रज्या उपसम्पदा गरी भिक्षुसंघ गठन गर्नुभयो ।

त्यसपछि वाराणसीका यश पुत्र सहित उनका ५० जना साथीहरूलाई पनि भिक्षु उपसम्पदा गरेर भिक्षुसंघ गठन गरियो । यस घटनापछि बहुजन हिताय बहुजन सुखायको लागि भिक्षुहरूलाई चारौं दिशामा धर्मप्रचारार्थ खटाउनुभयो ।

यसरी भगवान् बुद्धले असार पूर्णिमा त्यो दिन चलाउनु भएको धर्मचक्रको कारणले गर्दा गठित संघ र त्नको कारणले पनि धर्मचक्र प्रवर्तन र असार पूर्णिमाको महत्व अझ बढेको हो ।

यस धर्मचक्रको अर्थ नै "**अभिक्कम मा निवत्त**" अर्थात् प्रगति पथमा अगाडि बढ्नु र नरोक्नु" हो ।


## सूचना ! सूचना !! सूचना !!!

## धम्मवती गुरुमां - शुभकामना



भिक्षुणी धम्मवती गुरुमांको ८३ औं जन्मोत्सवको उपलक्ष्यमा भिक्षु महासंघबाट सप्ताहव्यापी अभिधर्मपाठ एवं धर्मदेशना कार्यक्रम सञ्चालन भइरहेको छ । यस पुण्य कार्यमा भाग लिन इच्छुक सम्पूर्ण श्रद्धालु उपासक-उपासिकाहरूलाई हार्दिक निमन्त्रणा गरिएको छ ।

मिति- **२०७३ असार ३० गते देखि श्रावण ६ गतेसम्म**

स्थान- **धर्मकीति विहारको धम्महल**

**श्रीघः नःघः, काठमाडौं**

समय- **विहान ७:०० बजे देखि ९:०० बजेसम्म**




Downloaded from http://www.dhamma.digital

# लोकगुरु बुद्ध

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

भगवान बुद्धलाई केवल भिक्षुहरूका गुरु भन्नु सत्यको विपरीत कुरा हो। कोही गृहस्थ होस् अथवा भिक्षु, राजा होस् अथवा रंक, धनी होस् अथवा गरीब, विद्वान होस् अथवा अनपढ, ब्राह्मण होस्, क्षत्रिय होस्, वैश्य होस्, शूद्र होस् अथवा अतिशूद्र, यस देशका होस् अथवा त्यस देशका, यस्तो भाषा बोल्ने होस् अथवा अर्को भाषा बोल्ने, पुरूष होस् वा नारी, बूढो होस् अथवा बालक- उहाँको शिक्षा सबैका लागि थिए । उहाँ सही अर्थमा विश्वगुरु हुनुहुन्थ्यो, लोकगुरु हुनुहुन्थ्यो ।

राजकुमार सिद्धार्थ १६ वर्षको उमेरमा नै विवाहित भए र २९ वर्षको उमेरमा घरबार छोडर श्रमण भए । यी १३ वर्ष भित्र उनको गृहस्थ जीवनमा अनेक प्रकारका वाधा अडचनहरू आए होलान् र उनले अनुभव गर्न पाए होला । सम्बोधि प्राप्त गरेपछि लोकसंग उहाँको बढि सम्पर्क हुन गयो । संसारचक्रको जंजाललाई यस महापुरुषले बुझे र अरुलाई सम्झाए, बुझाए त्यो अद्वीतिय थियो । उहाँले गृहस्थहरूलाई दिनुभएको उपदेश कुनै एउटा सम्प्रदायको मानिसहरूका लागि मात्र थिएनन् सबै को लागि थियो। यदि कसैले बुद्धवाणीको साधारण अध्ययन गर्यो भने पनि थाहा पाउने छ कि भगवान बुद्धको उपदेश गृहस्थहरूका लागि कति कल्याणकारी छ ।

धर्मको मार्गमा हिंडेको कोही पनि गृहस्थले स्वयं जान्दछ कि जीवन जगतको सारा दुःखलाई पार गरेर नितान्त परम सुखको अनुभूति त निर्वाणिक अवस्थामा नै हुन सक्छ। तर यस अन्तरालमा सतत प्रवाहमान जीवनधाराको उतारचढावको सामना गर्दै आफूलाई अविचलित राख्न पनि सक्दछ । सद्गृहस्थले आफ्नो जिम्मेवारीहरूलाई निभाउँदै अगाडि बढ्दै जानु पर्दछ र जीवनमा नैतिकतालाई पुष्ट गर्दै रहनु पर्छ।

प्रकृतिको यो अटूट नियम हो कि जस्तो कारण छ त्यसको परिणाम पनि त्यस्तै नै आउँछ । जस्तो बीऊ रोप्यो फल पनि त्यस्तै आउँछ। जस्तो कर्म गर्‍यो त्यसको फल पनि त्यस्तै आउँछ । राम्रो कर्म गरे राम्रै फल, नराम्रो कर्म गरे नराम्रै फल आउँछ । कोही व्यक्तिले प्रकृतिको यस अटूट नियमलाई स्वीकार गर अथवा नगर परन्तु संसार चक्र यसै मान्यतालाई मानेर नै चल्छ । जस्तो कोही व्यक्ति अग्लो रुखबाट तल खस्यो भने उस्को

"गौतम बुद्धलाई गृहस्थ जीवनको समस्याहरूका बारेमा के थाहा ? राजकुमारको जीवनकालमा विवाह पछि छोरो जन्माएर घरबार छोडेका थिए । त्यसपछि त गृहत्यागी श्रमणको जीवन जिईरह्यो । उनी स्वयंले गृहस्थको सफल जीवन यापन गरेको छैन भने अरुलाई गृहस्थ धर्म कसरी सिकाउन सक्छ ? आफ्नो जीवनको लगभग पचास वर्ष भिक्षु जीवनमा बिताएको कारण भिक्षु जीवनको समस्याको बारेमा त राम्ररी थाहाहोला, त्यसैले उनको शिक्षा भिक्षुहरूका लागि निक्कै उपयोगी भयो परन्तु गृहस्थहरूलाई त उहाँले यही कुरा सिकाउनु भयो कि गृहस्थ जीवनको जंजाललाई छोडेर भिक्षुको जीवन जीऊ यसैमा तिम्रो कल्याण हुनेछ । यसैकारण उनले आफ्नो जीवनकालमा बढी भन्दा बढी संख्यामा गृहस्थहरूलाई भिक्षु बनाए । अतः गृहस्थहरू उनको उपदेश सुनेर भिक्षु बनेतापनि, आदर्श गृहस्थ भने बन्न सकेनन् ।"

हाम्रो देशमा यस्तो गलत धारणा एकजनाको मात्र होइन अनेकौंको पाईन्छ। अरुको के कुरा भनौं, म स्वयं यस गलत धारणाको बर्षौंसम्म शिकार भइरहें। ३१ वर्षको उमेरमा भगवान बुद्धले सिकाउनु भएको कल्याणमयी विपश्यनाको सम्पर्कमा आएँ र गृहस्थ जीवनमा रहँदै यसबाट लाभान्वित भएँ। कसैले पनि मलाई भिक्षु हुनको लागि भनेन ।

मेरो गुरुदेव सयाजी ऊ बा खिन सद्गृहस्थ हुनुहुन्थ्यो। मेरो गुरुबाजे पनि सद्गृहस्थ नै हुनुहुन्थ्यो र त्यहाँ करोडौंको संख्यामा बुद्धानुयायीहरू गृहस्थ नै थिए। भिक्षुहरू त देशका देशवासीहरू मध्ये एक प्रतिशत मात्र थिए ।

विपश्यनाबाट लाभान्वित भएर, त्यस विधिलाई सदैव निर्दोष पाएपछि मैले बुद्धवाणीको अध्ययन गर्न थालें, यो देखेर आश्चर्य भएँ कि उहाँले जहाँ भिक्षुहरूलाई आदर्श गृहत्यागी जीवन जिउने अनेक उपदेश दिनुभयो त्यहाँ गृहस्थहरूलाई पनि आदर्श गृहस्थ जीवन जिउनका लागि अनेक उपदेश दिनुभयो। धेरै उपदेश त यस्ता पनि थिए कि जुन दुबै समूहलाई उपयुक्त थिए । दुबैकालागि कल्याणकारी थिए ।



Downloaded from http://www.dhamma.digital

हात-खुट्टा भाँच्न सक्छ, मर्न पनि सक्छ, चाहे उस्ले पृथ्वीको गुरुत्वाकर्षण शक्तिको सिद्धान्तलाई मान वा नमान ।

भगवान्ले यो जुन वैज्ञानिक विपश्यना विद्या सिकाउनु भयो, त्यसको अभ्यास कोही भिक्षुले गर अथवा गृहस्थले गर, उसलाई कर्म सिद्धान्तको नियम अनुसार र राम्ररी स्पष्ट रुपमा थाहाहुन थाल्छ कि म जो भएपनि जस्तो भएपनि म आफ्नो पूर्व तथा वर्तमान कर्म, संस्कार को समुच्चय हूँ, संग्रह हूँ । उसले राम्ररी थाहा पाउँछ कि अबसम्मको आफ्नो कर्म-संग्रहको ऊ स्वयं जिम्मेदार छ र त्यसको परिणाम अनुसार फल पाउनुमा पनि यस अटूट नैसर्गिक नियममा अन्य कोही व्यक्तिले हस्तक्षेप गर्न सक्दैन ।

सामान्य गृहस्थ व्यक्ति शीलमा प्रतिष्ठित भएर समाधि र प्रज्ञामा पोष्ट हुनको लागि नै भगवानले विपश्यनाको कल्याणकारी विद्या सिकाउनु भयो र एकजना आदर्श व्यक्ति हुने उपाय बताउनु भयो । ब्यक्ति सुधरियो भने नै समाज सुधिन्छ । ब्यक्ति ब्यक्तिको महानताले नै समष्टिको महानता हुन्छ । यस प्रकार सबैलाई आ-आफ्नो क्षेत्रमा आदर्श जीवन जिउने ब्यावहारिक शिक्षा प्रदान गरेर एउटा आदर्श मानवीय समाजको गठनको मार्ग प्रशस्त गर्नुभयो ।

त्यस समयमा तीन प्रकारका यस्ता कुकृतिहरू समाजमा थिए जसको कारण धर्मको असीम हानी भईरहेको थियो, धर्मको ग्लानि भईरहेको थियो, धर्मको पतन भईरहेको थियो, विनाश भईरहेको थियो ।

(१) **धर्मको नाममा प्राणीको हत्या**

सात्विक यज्ञ समाजको कल्याणको लागि हुने गर्थ्यो, देशका राजा र धनी ब्यक्तिहरूद्वारा आफ्नो आर्जनको भाग दिनका लागि गरिन्थ्यो, वातावरण प्रदूषण हटाउनका लागि गरिन्थ्यो त्यही काम आ-आफ्नो स्वार्थमा अन्धो भएर स्वर्गमा जाने कामनाको झूठो आश्वासन दिएर त्यस यज्ञमा विचरा पशुहरूको बलि चढाउने नियम जोडियो । मनुष्य अन्य प्राणिहरूका प्रति आफ्नो स्वाभाविक करुणाको उदत्त सद्भावबाट च्युत भयो । भगवान् बुद्धले अत्यन्त करुणा पूर्वक समाजमा फैलिएको यस दुष्प्रथाको विरोध गर्नुभयो र उहाँको जीवनकालमा नै कतिपय राजाहरूले, श्रेष्ठिहरूले, पुरोहितहरूले यस अधार्मिक प्रवृत्तिबाट छुट्कारा पाए । भगवान बुद्ध पछि सयौं वर्ष बित्दा बित्दै यज्ञको नाममा चलेको यस अधर्म समाजबाट विस्तारै लोप हुँदै गयो । यद्यपि आज पनि कहीं-कहीं कुनै देवी-देवतालाई खुसी पार्नका लागि मूक पशुहरूको बलि दिने गरिन्छ ।

(२) **मानिसहरूको किन-बेच**

त्यस समयमा समाजमा मानिसहरूको आजीविकाका लागि पशु-पंक्षीलाई पालेर मोटो-घाटो बनाई कसाईंलाई बेच्थे । भगवान् बुद्धले गृहस्थहरूले यस्तो आजीविका नगर्न शिक्षा दिनुभयो । यति मात्र होइन यो भन्दा पनि अमानवीय ब्यवसाय त्यसबेला चलेको थियो, जहाँ मानिसहरूलाई काम गराउन बेच्ने चलन थियो । कहिले-काहीँ दासी भनेर तन्नेरी केटीहरू दुराचारका लागि किन्ने गर्थे । त्यस समयका साहित्यहरूमा राजा-महाराजा तथा धनी गृहपतीहरूकहाँ बस्ने नोकर-चाकर तथा दास-दासीहरूको वर्णन खूब पाइन्छ । कहीं त दान-दक्षिणाको रुपमा अथवा पुरस्कारका रुपमा गहनाले भरपूर गाई तथा दासीहरू प्राप्त हुन्थे । यति धेरै संख्यामा कसले पालेर राखोस् ? त्यसैले यी सामान झैं बेच्नेगर्थे । यसरी किन-बेचको ब्यवसायले ठाउँ पाईरह्यो । भगवान्ले सद्गृहस्थहरूले यस प्रकारको ब्यवसाय नगर्न प्रोत्साहन गर्नु भयो र फलस्वरूप देशबाट यस्तो गुलाम प्रथा विस्तारै हट्दै गयो र पछि पूर्णतया समाजबाट समाप्त भयो । यद्यपि मजदूर कामका लागि चलेको गुलामीको नयाँ स्वरूप समाजबाट निर्मूल हुनु बाँकी छ । त्यस्तै पशुहरूको ब्यवसायको निर्मूल हुनु पनि बाँकी छ ।

(३) **जन्मको आधारमा तल्लो-माथिल्लोको भेदभाव**

समाजमा प्रचलित तेस्रो कुप्रथा थियो मानिसको जन्मको आधारमा मानिस-मानिसको बीच तल्लो-माथिल्लो को गहिरो भेदभाव । जन्मको आधारमा गरिएको वर्ण-ब्यवस्था नितान्त रुपमा धर्म-विरोधी थियो । एक व्यक्तिले जतिसुकै अधार्मिक जीवन यापन गरिरहेको भएपनि यदि ऊ माथिल्लो जातको आमाको कोखबाट जन्मिएको भए ऊ पूज्य मानिन्थ्यो । त्यस्तै प्रकारले कोही ब्यक्ति चाहे जतिसुकै धार्मिक जीवन जिईरहेको होस् यदि ऊ तल्लो जातको आमाको कोखबाट जन्मेको भए उसलाई नीच मानिन्थ्यो, तल्लो स्तरको मानिन्थ्यो, अस्पृश्य मानिन्थ्यो । जातिको तुलनामा धर्मलाई सजिलै हीन मानिन्थ्यो, गौण मानिन्थ्यो ।

धर्मलाई यस प्रकार भएको हानि, ग्लानिलाई हटाउन भगवान बुद्धले अथक परिश्रम गर्नुभयो र धेरै मात्रामा सफल पनि हुनु भयो । उहाँले मानिसहरूलाई



Downloaded from http://www.dhamma.digital

प्रेम पूर्वक बुझाउनु भयो मनुष्य आमाको गर्भबाट जो जन्मिन्छ ऊ मनुष्य नै हुन्छ, पशु हुँदैन, पंक्षी हुँदैन, सरीसृप हुँदैन । यदि ऊ दुष्कर्मी छ, दुराचारी छ, दुष्ट छ भने पतित भयो र यदि सतकर्मी छ, सदाचारी छ, सज्जन छ भने महान् भयो, पूज्य भयो । एक व्यक्तिले नजानेर दुष्कर्म गरेर नीच पनि हुन सक्छ, पतित पनि हुन सक्छ र त्यही व्यक्ति पछि समझदारी द्वारा सदाचारी पनि हुनसक्छ, सज्जन पनि हुनसक्छ सम्माननीय पनि हुन सक्छ, पूज्य पनि हुन सक्छ ।

यस्तै प्रकारले महादुष्कर्मी भए पनि धेरै पैसावाल धनी हुनुको कारण कसैलाई महान थान्नु नितान्त धर्मविरोधी काम हो । महानता त धर्मको हुनु पर्छ । तल्लो-माथिल्लो भनेर नाप्ने अन्य कुनै तरिका नै छैन । गृहस्थ छ भने इमान्दारी पूर्वक, परिश्रम पूर्वक बुद्धिमानीका साथ धन आर्जन गर्नु आवश्यक छ । साथ-साथै धर्मनिष्ठ रहँदै, आदर्श नैतिक जीवन जिउँदै धनको सदुपयोग गर्नु पनि त्यत्तिकै आवश्यक छ । यसैमा उसको मनुष्य जीवनको सफलता झल्किन्छ, सार्थकता सिद्ध हुन्छ ।

दुर्भाग्यले भगवान बुद्धको केही शताब्दी पश्चात नै जातपातको विषालु नागले आफ्नो टाउको फेरि उठायो र सारा समाजलाई बलपूर्वक विनाशकारी विभाजनको नागपाशले बाँध्यो; जस्को दुष्परिणामले देश सयौं वर्षदेखि आजसम्म पनि यही भोगिरहेको छ । भगवान बुद्धले गृहस्थहरूलाई दिएको सदाचारणको शिक्षा समाजमा कायम भएको भए आज भारत देशको नक्शा अर्कै हुन्थ्यो ।

भगवान बुद्ध मनुष्य समाजको पहिलो धर्मगुरू हुनुहुन्थ्यो, उहाँले धर्मको नाममा हुने पशु-बलिको अधार्मिक कुकृत्यको विरोध गर्नुभयो, उहाँले सत्कर्म र सद्‌गुणका स्थानमा जन्मको आधारमा ठूलो सानोको भेदभावको अधार्मिक मान्यताको विरोध गर्नुभयो, उहाँले नर-नारीहरूको किन-बेच गर्ने मात्र होइन कि पशुहरूको किन-बेच गर्ने प्रथाको समेत विरोध गर्नुभयो ।

धर्मको पुर्नस्थापनाका लागि यी त्यस समयको पनि माग थियो र आज पनि त्यसको आवश्यकता छ । आदर्श गृहस्थ जीवनका लागि र आदर्श मानव समाजका लागि प्राणीहरू प्रति करुणा र मनुष्य-मनुष्यमा समानताको भाव हुनु आवश्यक छ । एउटा आदर्श मनुष्य समाजको संस्थापनार्थ भगवान्‌ले गृहस्थहरूका लागि दिएको शिक्षा सारा विश्वका लागि एउटा महत्त्वपूर्ण देन हो ।

धरती, पानी र आकाशमा चाहे जतिसुकै प्रभुत्व जमाउने प्रयास गर, जबसम्म मानिस आफ्नो मनमा प्रभुत्व जमाउन सक्दैन, तबसम्म ऊ हारेकै हुन्छ । आफू स्वयंमा विजय प्राप्त गर्न, आफ्नो मन माथि विजय प्राप्त गर्नका लागि भगवान बुद्धले एउटा यस्तो सक्रिय विद्या दिनुभयो, जसबाट हामी आफूलाई चिन्न सक्ने भयौं, आफ्नो स्वभावलाई थाहापाउन सक्ने भयौं । आफू माथि आफ्नो प्रभुत्व स्थापित गरेर आफ्नो बिग्रेको स्वभावलाई सुधार गर्न सिक्यौं जसबाट आफ्नो पनि कल्याण भयो र अन्यको पनि कल्याण भयो । बुद्धद्वारा गृहस्थहरूलाई दिनुभएको सार्वजनीन शिक्षाको यही महानता हो ।

भगवान बुद्धको जीवनकालको दुईसय वर्ष पछि भारतका एकजना आदर्श सम्राट अशोकले बुद्धको शिक्षा अनुसार धर्मलाई प्रोत्साहन दिए, जसबाट आदर्श समाजको गठन हुन सम्भव भयो । त्यसको प्रभाव छिमेकी राष्ट्रहरूमा मात्र होइन टाढा-टाढाका देशहरूसम्म पनि प्रसारित भयो । यसको साथसाथै उनले आदर्श राजधर्मको एउटा उज्ज्वल उदाहरण प्रस्तुत गरे कि आफ्नो साम्राज्य विस्तार गर्न छिमेकी कमजोर देशमाथि कहिल्यै पनि आक्रमण नगर्नु, देशको रक्षाका लागि सँधैं सजग र सबल बनीरहनु । प्रजालाई आफ्नो सन्तान झैं सुरक्षित राख्नु । आफ्नो सन्तान झैं उनीहरूको पालन पोषण गर्नु । राजधर्मको यो उज्ज्वल आदर्श भगवानको शिक्षाको कारणले नै अशोकको राज्यमा प्रकट भयो । छिमेकी देशहरूसंग घनिष्ट सम्बन्ध स्थापित गर्ने एउटा अनुकरणीय उदाहरण हाम्रो सामू छ, जुन सयौं बर्ष पछि आजसम्म पनि कायम नै छ ।

बुद्धको शिक्षाको बारेमा आफ्नो मनमा छाएको भ्रान्तिको जाललाई नै हटाउनु । उहाँले गृहस्थहरूका लागि जुन सार्वजनीन, सार्वकालिक र सार्वदेशिक ब्यावहारिक प्रशिक्षण दिनुभयो, त्यसलाई स्वयं अपनाएर हेर्नु, आफ्नो मनको मालिक बनेर आफ्नो गृहस्थ जीवनमा सुख, शान्ति र संतुष्टिले भर्नु तथा आफ्नो साथ-साथै अरुको कल्याणको कारण पनि बन्नु । एउटा आदर्श समाजको निमार्ण गर्नमा सहायक बन्नु । यसैमा मानव जीवनको सफलता छ । लोकगुरु भगवानको कल्याणी शिक्षाको यही सही उपादेयता हो ।

**कल्याण मित्र**

स.ना.गो.

*(साभार- बुस २५५९; वर्ष-३२; अङ्क-७)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–२६

✍ के.श्री धम्मानन्द
*अनुवादक*– मदनरत्न मानन्धर

बुद्धको दृष्टिमा यो विश्व केही होइन, मात्र जन्म-मरणको अनन्त संसारचक्र हो । उहाँका लागि विश्वको सृष्टि र विनाश यसै 'संसारचक' भित्र छ। कुनै पनि तत्त्व र शक्ति एक अर्कासँग सम्बन्धित र आश्रित रहेको हुनाले कुनै एकलाईमात्र शुरूवात मान्नु अर्थहीन हुन्छ। संसारको उत्पत्तिबारे हामीले जतिसुकै कल्पना गरे पनि त्यसमा सत्यता पाउन सक्दैनौं ।

'आकाश अनन्त छ, सत्त्वहरू अनन्तछन्,
बृहत् ब्रह्माण्डमा विश्व अनन्त छन्
बुद्धले सिकाउनु भएको ज्ञान अनन्त छ,
जसमा अनन्त छन् धर्म, सदाचार, गुण'
(श्री रामचन्द्र)

एकदिन मार्लुक्यपुत्त भन्ने व्यक्तिले बुद्धकहाँ गएर ब्रह्माण्डको सृष्टिबारे बताइदिन आग्रह गरे । यदि बुद्धको जवाफ सन्तोषजनक भएन भने उसले बुद्धका अनुयायी-हरूलाई समेत भड्काउने धम्कि पनि दिए । मालुंक्यपुत्त बुद्धका अनुयायी बनून् या नबनुन् यसमा कुनै महत्व छैन, किनकि सत्यलाई कसैको सहारा चाहिन्न भनी बुद्ध शान्तपूर्वक नै रहनु भयो । बुद्धले उसलाई ब्रह्माण्डको श्रृष्टिबारे वादविवाद तिर नजान भन्नुभयो । यस्तो काम समय खेर फाल्नुमात्र हो, किनभने मानिसले वर्तमानबाट मुक्ति पाउने कार्य गर्नु पर्दछ न कि भूत वा भविष्यबाट । यसको व्याख्या गर्नुहुँदै बुद्धले विषालु बाणबाट घाइते बनेका मानिसको उपमा दिनुभयो । उक्त मूर्ख मानिसले बाण हान्ने व्यक्ति को हो भनी थाहा नपाएसम्म बाण झिक्न इन्कार गरेका थिए । उसका सहयोगीहरूले बाण हान्ने व्यक्तिको जानकारी लिएर आउँदा सम्ममा उसको मृत्यु भइसकेको हुन्थ्यो । ठीक यसै प्रकार हाम्रो प्रथम प्रयास निर्वाण प्राप्ति हो, शुरूवात वा आरम्भसँग मतलब राख्नु आवश्यक छैन । अन्य संसारचक्रहरू –

**आधुनिक वैज्ञानिक खोजको आधारमा हामीले मानव संसारका सीमा र ब्रह्मणडको अन्य स्थानमा जीवनको अस्तित्वको संभावनालाई स्वीकार्न सक्छौं ।**

कुनै एक अवसरमा, बुद्धले ब्रह्माण्डको प्रकृति र बनावटबारे बताउनु भएको छ । उहाँका अनुसार ब्रह्माण्डका अन्य भागमा पनि जीवनको अस्तित्व छ । एकतिसवटा भुवन (लोक) बारे बुद्धले व्याख्या गर्नुभएको छ, तिनीहरूः–

४ वटा – दुःखी लोक, मानिसभन्दा तल्लो श्रेणीका प्राणीहरू (नरक, प्रेत, पशुपंक्षी र असूर)
१ वटा – मनुष्यलोक
६ वटा – देवलोक अथवा स्वर्ग भूमि
१६ वटा – रूपलोक अथवा सूक्ष्म साकार जगत
४ वटा – अरूपलोक अथवा निराकार जगत

यी अन्य भूमिहरू आधुनिक विज्ञानबाट पुष्टि हुन अझै बाँकी नै छ । तथापि, वैज्ञानिकहरू अरू ग्रहहरूमा जीवनको अस्तित्व हुनु पर्नेवारेमा अनुसन्धान गर्दैछन् । आजको द्रुततर वैज्ञानिक प्रगतिको फलस्वरूप अति दुर्गम तारापुन्ज समूहका ग्रहहरूमा जीवित प्राणीहरू पत्ता लगाउन सक्षम होइने छ । संयोगले, तिनीहरू पनि हामीजस्तै भएको पाउनेछौं। तिनीहरू शारीरिक वनावटको हिसाबले हामी भन्दा भिन्दै आकृति, तत्व र रासायनिक सम्मिश्रण र आकारमा होला। त्यस्तै तिनीहरू हामीभन्दा जाती वा हामीभन्दा खराव पनि हुन सक्लान् ।

किन पृथ्वी एकमात्र जीवधारी ग्रह भएको ? विशाल ब्रह्माण्डमा पृथ्वी अति नै सूक्ष्म विन्दुमात्र हो । नामी खगोल भौतिक शास्त्री सर जेम्सजिन्सले ब्रह्माण्डको क्षेत्रफल टेलेस्कोपले देखिने अन्तरिक्षको क्षेत्रफलको अरव गुणा ठूलो छ भनी अनुमान गरेका छन । 'रहस्यमय ब्रह्माण्ड' भन्ने आफ्नो पुस्तकमा उहाँले ब्रह्माण्डको कूलसंख्या पृथ्वीको समुद्र किनारमा पाइने वालुवाको कूलसंख्या बराबर हुन्छ भनेका छन् । त्यस्तो ब्रह्माण्डमा यो पृथ्वी बालुवा कणको १० लाख भागमा एक भागमात्र हुन आउँछ । उनले यो पनि भनेका छन् कि पृथ्वीमा आइपुग्न एक सेकेण्डको सातौंभाग समय लाग्ने सूर्यको प्रकाशलाई सम्पूर्ण ब्रम्हाण्ड छिचोल्न एक खरब वर्ष लाग्छ । कति विशाल छ विश्व ब्रह्माण्ड । 'वाह्य अन्तरिक्ष' को रूपमा ब्रह्माण्डको विशालतालाई अंगीकार गर्दा अन्य सांसारिक क्रियाकलापको सिद्धान्तमा वैज्ञानिक सम्भाव्यता देखिन आउँछ । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धम्मपद–२९९

✍ डा. रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**चुतिं यो वेदि सत्तानं – उपपतिञ्च सब्बसो**
**असत्तं सुगतं बुद्धं – तम हं ब्रूमि ब्राह्मणं**

*अर्थ*- प्राणीहरूको उत्पत्ति र मृत्युको कारण राम्ररी जानी सकेको, आशक्त रहित भएको, सुगति प्राप्त भई बोध भइसकेको व्यक्तिलाई नै म ब्राह्मण भन्दछु ।

**यस्स गतिं न जानन्ति – देवा गन्धब्ब मानुसा**
**खीणासबं अरहन्तं तम'हं ब्रूमि ब्राह्मणं**

*अर्थ*– घटना- उपरोक्त गाथाहरू भगवान् बुद्धले राजगृह, वेलुवनमा बस्नुहुँदा वङ्गीस नामको ब्राह्मणको कारणमा भन्नुभएको थियो ।

राजगृह नगरमा बंङ्गीस नामका एकजना ब्राह्मणले मरेको मान्छेको खप्परमा आफ्नो औंलाले टक्टक् बजाइकन त्यो मरेको मान्छे कुन लोकमा जन्म हुन पुग्यो भनेर थाहा पाउन सक्थ्यो । त्यो ब्राह्मणले त्यस्तो विद्या जानेकोले अरू ब्राह्मणहरूले उसलाई प्रयोग गरेर पैसा कमाउन सक्ने देखे । वङ्गीसलाई रातो वस्त्र लगाउन दिई विभिन्न गाउँ नगर घुम्दै, अरू ब्राह्मणहरूले पैसा कमाउँथे वङ्गीसले आफन्त मरेकोले कहाँ जन्म लिन पुग्यो भनीकन बताउने भनीएकोले मानिसहरू आफ्नो गच्छे अनुसार पैसा तिरेर आफ्ना मरेका आफन्तको गति जान्न आउँथ्यो ।

यसरी घुम्दाघुम्दै तिनीहरू श्रावस्तीमा पुगे । त्यहाँ मानिसहरू बिहानको भोजन सिध्याई हातमा, माला, धूप लिई जेतवनतिर गइरहेको देखेर ब्राह्मणहरूले सोधे– 'तिमीहरू कहाँ जान लागेको ?"

मानिसहरूले हामी विहारमा गएर धर्म श्रवण गर्न जान लागेको भनेर बताएपछि ब्राह्मणहरूले भने– 'त्यहाँ गएर के पाउँछौ । हाम्रा गुरू वङ्गीस समानको कोही छैन । उहाँले मरेको मान्छेको खप्परमा टक्-टक् बनाइकनै उसले लिन पुगेको गति भन्न सक्छ ।"

मानिसहरूले पनि भने– 'तिमीहरूका गुरू वङ्गीसले के नै जानेको छ र ? हाम्रो तथागत समानको कोही छैन् ।"

उनीहरू यसरी वादविवाद गर्दागर्दै वङ्गीस ब्राह्मणसँगै अरू ब्राह्मणहरू पनि जेतवन्सम्म पुगे । भगवान् बुद्धले यो जम्मै पहिल्यै थाहा पाएर नरक, पशुलोक, मनुष्य लोक, देवलोकमा जन्मन पुगेका ४ जना मरेकाको खप्पर र एउटा क्षीणाश्रवी भइसकेको मरेकोको खप्पर मगाएर लाइन लगाएर राख्नु भएको रहेछ ।

भगवान् बुद्धले सोध्नु भयो–" तिमीले मरेको मान्छेको खप्पर हेरीकन उसले लिन पुगेको गति थाहा पाउन सक्छौ ?"

उसले भन्यो– "हो महाश्रमण मैले थाहा पाउन सक्छु,"

भगवान् बुद्धले भन्नुभयो– "त्यसो भए यहाँ राखेका खप्परहरू हेरेर भन् ।"

वङ्गीसले क्रमैसँग नरक, पशुलोक, मनुष्य लोक र देवलोकमा पुगेको भनीकन छुट्याएर भने । भगवान् बुद्धले पनि क्रमैसँग 'साधुकार' दिनुभयो । जब क्षीणाश्रवी अरहतको खप्परको पालो आयो बताउन नसकेर उसले स्वीकाऱ्यो– "यसले जन्म लिन पुगेको ठाउँ त मैले भन्न सक्दिन ।" बुद्धले त्यसलाई भन्नुभयो–"मैले भन्न सक्छु ।" ब्राह्मणे भन्यो– "त्यसो भए त्यो मन्त्र मलाई पनि सिकाइदिनोस् ।

बुद्धले भन्नुभयो– "यो मन्त्र मैले प्रव्रजित भएकालाई बाहेक अरूलाई सिकाउँदिन ।"

ब्राह्मणले विचार गऱ्यो "यो मन्त्र एउटा सिक्न पाए त म जति विद्वान कोही हुनेछैन ।" यसरी सोची अरू ब्राह्मणहरूलाई केही दिन त्यहिं रुकेर बस्न भने । आफू बुद्ध शासनमा प्रव्रजित भएर वङ्गीस स्थविर कहलाइए। बुद्धले उसलाई द्वतिंसाकार कर्मस्थान सिकाउनु भयो। बुद्धले भनेको अनुसार त्यही पाठ गर्न थाले। बीच बीचमा अरू ब्राह्मणहरूले "मन्त्र जान्यौ के" भनेर सोध्न आउँथ्यो । वङ्गीसले अलि सिक्न पाए छैन भन्थ्यो। केही दीनपछि त कर्मस्थान जप्दै उसले अरहत्त लाभ गरे । पछि ब्राह्मणहरूले सोध्न आउँदा "अब म यहाँबाट छोडेर आउन योग्य छैन, "भनेर पठाए यो देखी अरू भिक्षुहरूले वङ्गीसले झूठो कुरा भन्न थाले भनेर बुद्धकहाँ भन्न गए । बुद्धले भन्नुभयो– "हे भिक्षुहरू ! यस्तो नभन। अब मेरो पुत्रले च्यूत हुने, प्रतिसन्धि प्राणीको बारे जान्नमा दक्ष भइसक्यो ।" यसरी आज्ञा भई भगवान् बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो ।

अर्थ– जसको गति देव, गन्धर्व, मनुष्यहरूले जानेको हुँदैन, जो क्षीणआस्रवी छ, त्यस्ता व्यक्तिलाई म ब्राह्मण भन्दछु ।

❖



Downloaded from http://www.dhamma.digital

# बौद्ध ध्यानको ऐतिहासिक विकास

✍ उर्मिला ताम्राकार

**भूमिका –**

बौद्ध ध्यानको ऐतिहासिक विकासको बारे अध्ययन गर्नु अघि सर्वप्रथम ध्यानको प्रादुर्भाव कसरी भयो भन्ने कुरा बुझ्नु आवश्यक हुन्छ। यस सन्दर्भमा दीर्घनिकायको अग्गञ्ञसुत्तमा यसरी उल्लेख गरिएको छ । मानव सभ्यताको प्रारम्भिक कालमा जब मानिसहरूको बिच पाप धर्म उत्पन्न, लोभ लालच वढ्न थाले तव चोरी गर्नु, झूठो बोल्नु निन्दा गर्नु, दण्ड तथा निष्काशन गर्नु जस्ता कृयाकलापहरू समाजमा वढ्न थाले । यस्ता कार्यबाट विरक्त भइ एकथरी चिन्तनशिल ब्यक्तिहरू परिशुद्ध जीवनका लागि पाप पखालिदिउँ भनि अरण्यवनमा गई जप ध्यान गर्न थाले । यसरी अरण्य वनमा ध्यान गरी आफ्नो जीवन विताउने यिनीहरूलाई ध्यानी भन्न थालेर यसरी ध्यानको प्रादुर्भाव भयो[१]

ध्यानको इतिहास धेरै पुरानो भएतापनि लिखित प्रमाणको अभावमा यसै बेलादेखि ध्यानको इतिहास प्रारम्भ भयो भन्न गाऱ्हो छ । सिन्धुघाँटीको सभ्यताको भग्नावशेष मोहन्जोदारीको भिट्टेचित्रहरूमा ध्यान मुद्रा जस्तो देखिने मानव चित्रण भेटिएबाट ध्यानको इतिहासलाई ५००० वर्ष अगाडिसम्म लिएर जान सकिन्छ। केहि विद्वानहरूले ध्यान हिन्दु धर्मको वेदान्तबाट आएको हो भन्ने गरिन्छ । जुन लगभग १५०० वर्ष ई.पु.को मानिन्छ ।[२]

प्राचीन जैनग्रन्थ तथा पालि त्रिपिटकमा ऋषिमुनिहरू, श्रमण-ब्राम्ह्मणहरू, अचेलक साधुहरू अरण्य वनमा पर्णकुटी बनाइ ध्यान गर्दथे भन्ने उल्लेख छ। अझ इ.पु. छैठौं । पाँचौं शताब्दीतिर भारतको जेन धर्म, बुद्ध धर्म चीनको ताव धर्ममा प्रशस्त मात्रामा ध्यानको विकास भएको देखिन्छ । पालि साहित्य अध्ययन गर्दा भगवान् बुद्ध स्वयंले वैदिक परम्परा विविध योग समाधिको बारे चर्चा गरेको उल्लेख पाइन्छ । बोधि राजकुमारसूत्र महासच्चकसूत्र जस्ता अनेक सूत्रमा बुद्धले बुद्धत्व प्राप्त गर्नु अघि तत्कालिन समयमा प्रचलित अनेक योग हठचर्या गरेको उल्लेख छ । महर्षि रमण, भग्गव, आलारकालाम उद्दकरामपुत्रको आश्रममा गई चर्या गरेका थिए भने आलारकालामवाट सातौं तहको ध्यान '**अकिञ्चन्यायतन**' र उद्दकरामपुत्र कहाँबाट आठौं तहको ध्यान "**नैवसंज्ञानासंज्ञायतन**" प्राप्त गरेको थियो ।[३]

त्यसैले अलेक्जेन्दर बिन्नेले आफ्नो पुस्तक "दि ओरिजिन अफ बुद्धिष्ट मेडिटेसन" मा बौद्ध ध्यानको इतिहास आलारकालाम र उद्दकरामपुत्रबाट प्रारम्भ हुन्छ भनेको थियो ।[४]

तर यो ध्यान सिद्धार्थले खोजे जस्तो उच्चतम तहको ध्यान होइन, जसले निर्वेद, विराग, निरोध उपशम अभिज्ञा, सम्बोधि र निर्वाणमा पुऱ्याउन सकिन्थ्यो । त्यसैले त सिद्धार्थले त्यो ध्यानलाई छोडेको थियो ।[५]

**बौद्ध ध्यान –**

बौद्ध ध्यानको प्रवर्तन सिद्धार्थ गौतमले गर्नु भएको थियो। जब सिद्धार्थले बुद्धगयाको बोधिवृक्ष मुनि बज्रासनमा बसी आनापान स्मृति ध्यानवाट प्रारम्भ गरी क्रमशः प्रथम, द्वितीय, तृतीय र चतुर्थ ध्यानमा प्रवेश गर्दै त्रिविद्या सहित सम्यक सम्बुद्धत्व लाभ गरे। त्यहिबेला देखि बौद्ध ध्यानको इतिहास प्रारम्भ भएको भन्न सकिन्छ। पछि बुद्धले आफ्नो उपदेश दिने क्रममा पहिलेका ती सप्तम र अष्टम ध्यानलाई पनि चार आरूप्य ध्यानमा सम्मिलित गरी आफ्ना शिष्यहरूलाई ध्यान अभ्यास गर्न दिएका थिए । किनकि क्रमिक रूपमा चार रूप ध्यान र चार आरूप्यध्यानवाट ध्यानीको चित्त कोमल मृदुल, कर्मण्य, निश्छल एवं परिशुद्ध भई विपस्सना ध्यान लाभ गर्न मद्दत हुने तथा त्रिविद्या सहित निर्वाणको तहमा पुग्न सजिलो हुन्छ ।[६]

बुद्धको यस उपदेशको अनुशरण गरी भिक्षु भिक्षुणीहरू जंगलमा गइ कर्मस्थान द्वारा विपस्सना ध्यान गर्दथे। त्यसवेला केहि भिक्षु-भिक्षुणीहरू बुद्धको वचनलाई सर्वाधिक महत्त्वदिई सूत्रहरू कण्ठ पार्ने काम गर्दथे भने केहि विपश्यना भावनालाई महत्व दिइ ध्यान भावना गर्ने गर्दथे। सूत्रहरू कण्ठ पार्नेलाई ग्रन्थघर र विपस्सना भावना गर्नेहरूलाई विपश्यनाधुर भन्दथे । यी ग्रन्थधूर तथा विपश्यनाधुरहरूले नै गुरूशिष्य परम्पराद्वारा बौद्ध ध्यान पद्धतिहरू सर्वप्रथम इसाको प्रथम शताब्दीमा श्रीलंकामा बुद्धबचनहरू लिपिबद्ध हुँदा यो पनि लिपिबद्ध भए । पालि त्रिपिटक आगम तथा संस्कृत महायानी ।



Downloaded from http://www.dhamma.digital

बज्रयानी ग्रन्थहरूमा बौद्ध ध्यानका विभिन्न पद्धतिहरू, ध्यानका विभिन्नतहहरू तथा योग साधना बारे उल्लेख पाइन्छ ।

**विभिन्न देशहरूमा बौद्ध ध्यानका प्रचार प्रसार**

बुद्धको महापरिनिर्वाण भएको करिब २०० वर्ष पछि भारतमा सम्राट अशोकले बुद्ध धर्मको प्रचार प्रसार गर्ने हेतु विभिन्न देशहरूमा आफ्ना दूतहरू पठाए। आफ्नो छोरा महेन्द्र र छोरी संघमित्रालाई लंकाद्वीपमा र सोन तथा उत्तर नाम गरेका दुई भिक्षुहरूलाई म्यानमार पठाए। तिनीहरूले नै श्रीलंका तथा वर्मामा बौद्ध ध्यानलाई पनि प्रवेश गराए । ईसाको प्रथम शताब्दीमा आएर रेशम मार्गबाट भारतिय व्यापार मार्फत चीन तथा मध्य पूर्वीय एशियाका देशहरूमा बौद्ध धर्मले पनि प्रवेश गरे । ईसाको प्रथम शताब्दीको विमलकीर्ति सूत्रको विभिन्न ठाउँमा ध्यानका कुराहरू उल्लेख भएकोबाट इ.साको प्रथम शताब्दीमा नै बौद्ध ध्यानले चीनमा प्रवेश पाएको भन्न सकिन्छ ।[७]

चीनमा बौद्ध ध्यानको धेरै प्रचार प्रसार गर्ने व्यक्ति बोधिधर्म हो। उनी इ.स ४७० तिर भारतबाट चीन गएको थियो । उनले नै सर्वप्रथम चीनमा चान (ध्यान) स्कूल स्थापना गरेको थियो ।[८]

चीनवाट सातौं शताब्दीतिर कोरियामा बौद्ध ध्यानले प्रवेश गरे भने कोरियावाट आठौं शताब्दीमा बौद्ध धर्म जापानमा पुगे । जापानी भिक्षु डोशोल इ.सं ६५३ मा चीनमा गइ ध्यान सिकी जापानको नारामा पहिलो पल्ट ध्यान हल खोले ।[९]

त्यसपछि इ.सं को आठौं शताब्दीमा आएर भारतिय बौद्ध आचार्य पद्मसंभव तिब्बतमा गई बौद्ध धर्मको प्रचार प्रसार गरे । समयको कालक्रम पछि त्यहाँ बौद्ध धर्मका विभिन्न सम्प्रदायहरू स्थापना भए । त्यसपछि त्यहाँ मन्त्रयान / महायानका विभिन्न प्रकारका ध्यानपद्धतिहरू, योग, साधनाको विकाश भए ।

**बौद्ध सम्प्रदाय र ध्यानको विकास –**

सम्राट अशोकको समयसम्ममा अट्ठार निकाय भएको बौद्ध धर्म कालान्तरमा महायान र हीनयान (थेरवाद) को नामले दुई भागमा विभक्त भए । थेरवाद परम्पराका ध्यान पद्धतिहरू श्रीलंका, म्यानमार, थाइलैण्ड, कम्बोडिया तथा भारतको दक्षिणी देशहरूमा प्रचलित भयो भने महायन परम्पराका ध्यान पद्धतिहरू चीन, कोरिया, जापान, मंगोलिया, तथा तिब्वत आदि देशहरूमा प्रचलित भए ।

महायान परम्परामा बौद्ध ध्यान अभ्यासका धेरै स्कुलहरू स्थापना भए । हरेक स्कुलमा यसका प्रवर्तक गुरूहरूले आ-आफ्नै किसिमका ध्यान पद्धतिहरू प्रवर्तन गरे । तर ती सवै पद्धतिहरू बौद्ध सूत्रहरू, बौद्ध दर्शन र ब्याख्यामा नै आधारित थिए । यसमा समथ र विपश्यना दुवैका तरिकाहरू अपनाइएको हुन्छ। सबै पद्धतिमा शील, समाधि प्रज्ञाको विकास गरी बुद्धत्व प्राप्त गर्ने प्रयास गरिएको हुन्छ । चीनमा चान, तेन्नाई, सुखावति भूमि, जापानमा जेन, सिङ्गोन, सुखावति ब्यूह र कोरियामा साङ्ग आदि ध्यान पद्धतिहरू प्रचलित भए । चीनको चेनचेन, जापानको सिंङ्गोन, कोरियाको साङ्ग र तिब्वतको निङ्माया सम्प्रदायमा मन्त्रयान पनि प्रचलित छन्। अझ तिब्वतमा त झन हजारौंको संख्यामा देव, देवी मण्डल आदि निर्माण गरी योग साधना गर्ने चलन रहेको छ ।

पालि साहित्यको अध्ययन गर्दा भगवान बुद्धले समथ र विपश्यना ध्यान भनि अलग अलग विभाजन गरेको देखिन्दैन । तर इसाको चौंठो, पाँचौ शताब्दीतिर बुद्धघोष आचार्यले आफ्नो ग्रन्थ विशुद्धि मार्गमा बौद्ध ध्यान पद्धतिलाई समय र विपश्यना भनि दुई भागमा विभाजन गरियो । समथ अन्तर्गत ४० प्रकारका तथा विपश्यना अन्तर्गत ४ प्रकारका अनुपस्सना प्रस्तुत गरे । सम्राट अशोकको समयमा सय वर्ष पछि भारतबाट विपश्यना लोप भएर गयो भने यस्का छिमेकी देशहरूमा विकृति आए । तर वर्मामा भने विपश्यना भावनालाई त्यहाँका भिक्षुहरूले गुरूशिष्य परम्पराबाट संरक्षण गरी राखेका थिए ।[१०]

२० सौं शताब्दीमा आएर वर्मामा मिंगुन जेतवन सयादो र उ वा नारदले समय र विपश्यना दुवै पद्धतिलाई एकीकृत गरी "विपश्यना स्कुल" स्थापना गरे । यसलाई नयाँ वर्मेलि प्रणाली भनिन्छ । यसलाई पछि महर्षि सयादोले धेरै लोकप्रिय बनायो । त्यसपछि फेरि लैंदि सयादो र उ बा खिनद्वारा एक अर्को बर्मेलि प्रणालिको प्रतिपादन गरे । जसको व्यापक प्रचार प्रसार सत्यनारायण गोयन्काले गरे । अजान मुनले चलाएको थाइलैण्डको "थाइ फोरेष्ट ट्राडिसन" धेरै प्रख्यात छ ।

**निष्कर्ष –**

आजभोलि संसारका विभिन्न देशहरूमा ध्यानलाई जीवनको एक महत्त्वपूर्ण अंगको रूपमा लिइ विभिन्न



Downloaded from http://www.dhamma.digital


ध्यान केन्द्रहरू स्थापना गरेका छन् । जस्मा थेरवाद पद्धतिका समय विपश्यना तथा महायान पद्धतिका योग साधनाहरूका ध्यान केन्द्रहरू छन् । हुनत अट्ठारौं शताब्दी देखि नै पश्चिमी देशहरूमा बौद्ध धर्म एक बौद्धिक चिन्तनको विषय भैसकेको थियो । बौद्ध ध्यान पद्धतिलाई लिएर अनेक अनुसन्धान र परिक्षण गरिएको थियो । यसको नतिजा स्वरूप ध्यानले धेरै प्रकारको शारीरिक तथा मानसिक रोगहरू निको हुने कुरा वैज्ञानिक पुष्टी भयो । जसले गर्दा आज अमेरिका तथा युरोपेलि मुलुकहरूमा ध्यानलाई धर्मको रूपमा भन्दा आध्यात्मिक उन्नति तनाव घटाउने आराम स्वप्रगतिको लागि एक अभिन्न अङ्गको रूपमा लिएका छन् । ❖

पाद टिप्पणिहरू -

१. अग्गञ्ञ – सुत्त मज्झिमनिकाय
२. जोर्जस इभर्लि जोफ्रे, राम लेटिन, "अ ल्किनिकल गाइड टु द ट्रीटमेन्ट अफ हयूमन स्ट्रेस" इ.सं २००२, पृ १९५
३. महासच्चक – सुत्त, मज्झिमनिकाय
४. अलेक्जेदर विन्ने, "दि ओरिजिन अफ बुद्धिष्ट मेडिटेसन" (इ.सं. २००७)
५. पासरसि – सुत्त, मज्झिमनिकाय
६. महाअस्सपुर – सुत्त, मज्झिम निकाय
७. हेन्रिक दुमौलिन जेम्स डब्लु हेसिङ्ग, पाउल के निटर, "जेन बुद्धिजम अ हिष्टोरि : इन्दिया एण्ड चाइना" (इ.स. २००५, पृ ५०)
८. प्रो.पि.भि. वापट, "२५०० इयर्स अफ बुद्धिजम" (इ.सं १९८७)
९. हेन्रिक दुमौलिन, जेम्स डब्लु हेसिङ्ग, पाउल के निटर," जेन बुद्धिजमः अ हिष्टोरि अफ जापान" (इ.सं२००५)
१०. विपश्यनाचार्य सत्यनारायण गोयन्का, "विपश्यनाका उद्गम और विकास" विपश्यना विशोधन विन्यास, इगतपुरी, इ.सं २०१३)

सन्दर्भ ग्रन्थहरू -

१) ब्रज्राचार्य, दुण्डबहादुर (अनु)"मज्झिमनिकाय," (पवित्र बहादुर, अशोकरत्न, हीरादेवी वज्राचार्य, इ.सं १९८१)
२) सम्यक सम्बोधि प्राणपुत्र (अनु) "विशुद्धिमार्ग" (ताइवान, सुखीहोतु नेपाल, बुद्धविहार भृकुटी मण्डप, इ.स) २००१)
३) वापट पि.भि, "२५०० एयर्स अफ बुद्धिजम" दिल्ली : गभर्मेन्ट अफ इन्डिया (इ.सं १९८७)
४) हिनरिक दुमौलिन, जेम्स डब्लु, हेसिङ्ग, पाउल निटर, "जेन बुद्धिजमः अ हिस्टोरी अफ इन्डिया एण्ड चाइना" इ.सं २००५
५) अलेक्जेडर विन्ने, "दि ओरिजिन अफ बुद्धिष्ट मेडिटेसन" (इ.सं २००७)
६) विपश्यनाचार्य सत्यनारायण गोयन्का, "विपश्यनाका उद्गम और विकास" (विपश्यना विशोधन विन्यास, इगतपुरी, इ.सं २०१३




# BELOVED DAUGHTER

## ( स्नेही छोरी )

## विमोचित

*२०७३ असार २८ गते*

*स्थान- Wunjala Moskva Restaurant, नक्साल ।*

भिक्षुणी धम्मवतीको जीवनी "स्नेही छोरी" लाई अंग्रेजी भाषामा रुपान्तर गरी **"BELOVED DAUGHTER"** को नाममा प्रकाशन गरी विमोचन गरिएको छ ।

चौध वर्षकी नेपाली बालिका बुद्ध शिक्षा अध्ययन गर्नको लागि बर्मासम्म कसरी भागेर जान सफल भइन् र एक सफल गुरु वनी भिक्षुणी धम्मवती भइन् भन्ने विषयमा रोचक तरिकाले प्रस्तुत गरिएको भिक्षुणी धम्मवतीको जीवनी यस पुस्तकमा प्रस्तुत गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

# बुद्ध जन्मेको लुम्बिनी–२

✍ हिमेश वज्राचार्य

निग्लिहवाको अशोक स्तम्भमा पाली भाषा र ब्राह्मी लिपिबाट अभिलेख कुँदिएको छ र त्यसमा भनिएको छ, 'देवताका प्यारा राजा अशोक आफ्नो राज्याभिषेकको चौधौं वर्षमा यहाँ आएर कनकमुनि बुद्ध स्तुपलाई दोब्बर बनाए र एउटा शिलालेख राख्न लगाए । फुहररले पनि कपिलवस्तुको खोज र उत्खनन् भारतका अर्का विद्वान पीसी मुखर्जीले गरेको उल्लेख गरेका छन् । उनले नै तिलौराकोट नै प्राचीन कपिलवस्तु रहेको बताएका थिए ।

पछिल्लो समय डरहम विश्वविद्यालयका रोबिन कनिङघमको नेतृत्वमा लुम्बिनी र कपिलवस्तु क्षेत्रको पुरातात्त्विक अनुसन्धान चलिरहेको छ र उनीहरूले नयाँ-नयाँ तथ्य बाहिर ल्याइरहेका छन् । यसले बुद्धको जन्मस्थल र उनको जीवनबारे नेपालसँग जोडिएको तथ्य अझ आधिकारिक भएका छन् । कनिङघमको खोजलाई पछिल्लो समयको सबैभन्दा धेरै महत्त्वको पुरातात्त्विक अनुसन्धानका रूपमा व्याख्या गरिन्छ ।

**बुद्धको कपिलवस्तु यात्रा**

दोस्रो वर्षावासमा वैशाख पूर्णिमाकै दिन बुद्ध कपिलवस्तु पुगेका थिए । राजगृहबाट आफ्नो भिक्षु संघसहित बुद्ध कपिलवस्तु निस्केका थिए र दुई महिनाको यात्रापछि उनी आफ्नो मातृभूमि पुगे । बुद्धलाई कपिलवस्तु भ्रमणको निमन्त्रणा दिन उनका बाल्यकालका साथी कालुदायी राजा शुद्धोदनको सन्देश लिएर पुगेका थिए । कपिलवस्तुमा बुद्ध निग्रोधाराम आश्रममा बसेका थिए र शुद्धोदन उनलाई भेट्न त्यहाँ पुगेका थिए ।

यशोधरा भने बुद्धलाई भेट्न आइनन् । बुद्ध स्वयम् यशोधरालाई भेट्न पुगे । बुद्ध कपिलवस्तु पुगेको सातौं दिन यशोधराले छोरा राहुललाई अंशबन्डा माग्न पठाइन् । वर्षायामपछि बुद्ध फेरि कपिलवस्तु पुगे । त्यतिबेला बुद्धलाई आमा प्रजापतिले चिवर चढाएकी थिइन् । यो चिवर उनले आफ्नै हातले बुनेकी थिइन् । राजा शुद्धोदन सिकिस्त बिरामी पर्दा बुद्ध कपिलवस्तु पुगे । त्यसको केही दिनपछि शुद्धोदनको मृत्यु भयो ।

त्यसको केहीं समयपछि बुद्ध फेरि कपिलवस्तु पुगे र त्यतिबेला महानाम राजा थिए । त्यहीं बेला शाक्य र कोलियबीच रोहिणी नदीको पानीलाई लिएर तनाव भएको थियो । बुद्धले आफ्नो १५ औं वर्षावास पनि कपिलवस्तुमै बिताएका थिए । बुद्धले आफ्नो मृत्युको दुई वर्षअघि ठूलो दुर्भाग्यको सामना गर्नुपरेको थियो । कोशलका राजा प्रसेनजितका शाक्य रानीबाट एक छोरा थिए, जसको नाम विडुडभ थियो ।

आफ्नो कुलका लागि उनले शाक्यबाट अपमान सहनुपरेको थियो । त्यसैले उनले शाक्यमाथि बदला लिने प्रतिज्ञा गरेका थिए । त्यसैक्रममा उनी कपिलवस्तुतर्फ पुगेको थाहा पाएर बुद्धले उनलाई सुरूमा एकपल्ट रोके पछि उनले फेरि आक्रमण गरे । आफ्नो बुबाको मृत्युपछि उनले पुरा शाक्य परिवारको नरसंहार गरेका हुन् । त्यसै क्रममा राजा महानामले आत्महत्या गरे ।

**'मायादेवी सुत्केरी मार्ग'**

राजा शुद्धोदनका दुई महारानी थिए । त्यसमध्ये जेठी महारानी मायादेवीले सिद्धार्थ गौतमलाई जन्म दिइन् । उनलाई हुर्काउने काम भने कान्छी महारानी प्रजापतिले गरेकी थिइन् । त्यतिबेला बच्चा जन्माउन माइती जाने चलन थियो । त्यसैले गर्भिणी मायादेवी आफ्नो माइत देवदह गएकी थिइन् । देवदह कोलिय राज्यको राजधानी थियो । त्यसैक्रममा लुम्बिनी वनमा आराम लिइन् र त्यहाँकै बगैंचामा छोरालाई जन्म दिइन् ।

यो ईसापूर्व, ५६३ वैशाख पूर्णिमाको घटना हो छोराको जन्मपछि उनी कपिलवस्तुस्थित तिलौराकोट राजदरबार फर्केकी थिइन् । अहिले केही निजी पर्यटन व्यवसायी यसैलाई लुम्बिनी भ्रमणमा आउनेका लागि नयाँ गन्तव्य बनाउने प्रयासमा छन् । त्यसलाई मायादेवी सुत्केरी मार्गका रूपमा प्रस्तुत गर्ने प्रयास भइरहेको छ । यसले लुम्बिनी र कपिलवस्तु बीचको सम्बन्धलाई प्रबर्द्धन गर्न मद्दत मिल्नेछ ।

लामो सोध र अनुसन्धानपछि यो गन्तव्य पहिचान गर्ने काम पुरातत्त्वविद वसन्त विडारीले गरेका हुन् । सिद्धार्थको जन्मपछि मायादेवीले राजदरबारसम्म तय गरेको बाटो नै 'मायादेवी सुत्केरी मार्ग' का रूपमा प्रबर्द्धन गर्न खोजिएको हो । मायादेवी भर्खर जन्मेका सिद्धार्थ गौतमलाई लिएर लुम्बिनीबाट पडेरिया, शिशानिया, दोहनी, अरौराकोट, निग्लिहवा, तिलौरा गाउँ हुँदै तिलौराकोट् दरबार पुगेकी थिइन् ।

*(साभार- 'कान्तिपुर' दैनिक २०७३ जेठ ८ गते)*

❖



Downloaded from http://www.dhamma.digital

# बदलिदो परिस्थिति र परिवेशमा आजका बौद्ध

✍ शिवशंकर चौधरी थारु
(उपासक, उदयपुर)

आजको यो वदर्लिदो परिस्थिती र परिवेशले हामीलाई सुशिक्षित, सुविधा भोगी, शिल्पी, उद्यमी, मेहनती र स्वावलम्बि बनाइरहेका छन् । बुद्धका दुई आँखाले हाम्रो आँखा खोलिदिएको छ । छाएको कालो वादललाई हटाइदिएको छ । अँध्यारोलाई उज्यालो बनाई दिएको छ । यहि उज्यालो पाएर आज हामी अबौद्ध सम्झिएका बौद्धहरू जुर्मुराएर उठिरहेको अवस्था छ । बुद्धले देखाएको मार्गमा हिंड्नको लागि विभिन्न तगारो र अप्ठ्याराहरू पार गर्दै अगाडि बढिरहेको अवस्था छ । समाजमा जरो गाडेर रहेका रीतिरिवाज, कुसंस्कार, कुसंस्कृति अँध्यारोमा रहेको अन्धविश्वासको जालोलाई चिर्दै, च्यातचुत पार्दै अगाडि वढिरहेको अवस्था देखिन्छ ।

अब यी नवजाग्रत बौद्धहरूमा यति दरिलो आँट र उत्साह देखा परेको छ । आज हाम्रो बुद्धि विवेकले गर्दा विभिन्न जालको फन्दाबाट वाहिर निस्केर स्वतन्त्रताको स्वाँस फेरिरहेको अवस्था छ । अनि जाल बिछ्याउने हरूमाथि जाइ लाग्नु पर्ने अवस्था आएको छ । आफ्नो हितको लागि सधैं सजग र सचेंत रहने बेला आएको छ । तथागतले भन्नु भएको छ “अप्पमादेन सम्पादेथ” अर्थात् सधैं होशियार र सजग रहनु पर्छ । **“अत्ता हि अत्तनोनाथो**” अर्थात आफू नै आफ्नो मालिक हो । हामी आफ्नो मालिक आफै भैसकेपछि अर्काको अधिनमा किन वस्ने ? यो बुद्ध वचनले कुनै ईश्वरको अधिनमा रहनु पर्दैन बरू हामी आफ्नो आत्म विश्वासका साथ आत्म निर्भर भई सुशिक्षित र सभ्य मानवताको परिचय दिनु परेको छ ।

आजको परिवेशमा स्वतन्त्रता र स्वाधिनता भएकोमा आफूलाई सबैभन्दा ठूलो वा अहंकारी स्वभाव देखाउनु कदापी हुँदेन । बरू आफूलाई बुद्धको शिष्य चिनाउने हो भने आत्म संयमी, विनयी र अनुशासित हुनु जरूरी छ । प्रतिस्पर्धा र आधुनिकताको नाममा व्यवहारिक रूपमा मनाइने जन्मदिवस र विवाहोत्सव विशेष तडक भडक र खर्चिलो पनि हुनु हुँदैन । त्यस्तै कसैको मरणोपरान्त विभिन्न कर्मकाण्डमा अल्झी अनावश्यक खर्चको बोझ बोकी आँखा नै नभएको अन्धो सरह अन्धविश्वासी र अविवेकी कहिल्यै नवन्नु नै सचेत र सच्चा बौद्धको परिचय दिनु हो । अन्यथा हामीले आफूलाई बौद्ध भनेर गर्व गर्ने कुनै अधिकार र गुन्जाइस रहँदैन । त्यसैले हामी बौद्ध हौं वा अवौद्ध जो कोहीले पनि आजको दिनमा आजको परिवेशमा कपोल कल्पित र भ्रामक अन्धमान्यताहरूलाई त्याग्नै पर्छ ।

अनि सभ्यता र आधुनिक विकाससँगै अगाडी वढ्नु पर्ने हुन्छ । अन्यथा हामी मानव नभएर दानव हुनेछौं, पशु तुल्य हुनेछौं । अज्ञानीहरू अहिले पनि पशु जस्तै व्यवहार गर्दै छन् । आफू भन्दा साना वा कमजोरलाई आफ्नो पकडमा लिएका छन् अथवा ऊ माथि शासन गर्दैछन् । निर्दयीहरूले पशुहरूलाई मारी मारी भोजन गर्दैछन् र कथित देवी देवतालाई खुशी पार्न भाकल गरी पशुपंक्षीहरूको बलि चढाइँदैछन् । यी पशुहरूलाई यसरी मारेर खानेलाई पशु नभनी के भन्ने त ? त्यसैले आज एक्काइसौं शताब्दीको नयाँ परिवेशमा आएर अन्धभक्ति र अन्धमान्यतालाई तिलाञ्जली दिएर सत्य धर्मलाई अंगाल्नै पर्छ । यो मानव धर्मलाई अंगालेर सच्चा मानव वनी उदाहरणीय वन्नु परेको छ । यो शुद्ध बुद्धको धर्म नै सम्पूर्ण जगतको कल्याणकारक छ भन्दा अत्युक्ति नहोला । अस्तु ।

॥ भवतु सब्ब मंगल ॥

❖


**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| २०७३ जेठ / असार | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने भन्ते गुरुमांहरू |
|---|---|---|
| जेठ ३० गते, अष्टमी | क्षान्तिवती | सयादो वण्णधज |
| असार १ गते संक्रान्ति | शुभवती | पञ्ञावती |
| असार ६ गते ज्याः पुन्हि | शुभवती | धम्मवती |
| असार १४ गते, अष्टमी | अमता | धम्मवती |
| असार २० गते, औंशी | क्षान्तिवती | केशावती |



Downloaded from http://www.dhamma.digital

# संघ नायक महास्थविर अश्वघोष भन्तेयात भिंतुना !



भन्ते छ:पि भन्ते जक मखु
जिमिगु लागि मां बौ निम्हं ख:
अझ छ:पि मां बौ मध्ये नं
मां हे जिमित आभाष व
थ: सन्तानया लागि मांयाके दैगु
मैत्री, करूणा, मुद्दिता व उपेक्षा
जिमिगु लागि नं छ:पिके खना च्वना
चतुर्ब्रह्म विहारया मुहान सरि
जिमित छ:पिसं स्यनाकना बिज्या:गु
ब्यावहारिक ज्ञान लुमंका च्वना
व हे ज्ञानया आधार कया: थौं
दु:ख कम याना: स्वाना च्वना
जिमिगु लागि छ:पिं प्रेरणाया प्रतीक
आध्यात्मिक खँयात ब्यावहारिक उदाहरण बिया:
ध्वाथुईक कना विज्याईम्ह छ:पिं
छ: पिनिगु थ्व ला विशेषता हे जुल
द्वंकीबले जिमित न्वाना विज्याइम्ह
बांला:गु ज्यायात कि लय्लय् ताया विज्याइम्ह
उन्नति प्रगतियात निरन्तरता बीमा: धका:
न्हयाबलें जिमित हौसला बिया विज्याईम्ह
छलपोल भन्ते अश्वघोष महास्थविर
उमेर स्वया नं अप्पो मेहनत याना विज्याइम्ह
सच्छिंगुं मल्याक बुद्ध शिक्षाया ब्यवहार बारे
सफू च्वया: जिमित लँ क्यना विज्याम्ह
छ:पिनिगु थ्व निरन्तरता खना:
जिपिं साप हे लय्ताया च्वना
थौं छ: पि ९० वर्ष दुगु उपलक्षे
यक्को यक्को भिंतुना देछाना च्वना
धन्य तायका छ:पिनिगु सारयुक्त जन्म खना:
छपिन्त जन्म ब्यूम्ह मां यात नं
छ:पिनिगु बुदिं हने दया: जिपिं
लय्लय् ताया: छपिन्थाय् वया च्वना ।
भिंतुना ! भिंतुना !! भिन्तुना !!

✍ **अमीर कुमारी शाक्य**

# शुभकामना !



शुभकामना शुभकामना ।
त्रियासियौं जन्मदिनको उपलक्ष्यमा ॥
धम्मवती गुरूमां तपाईंलाई ।
दिर्घायु र सुस्वाथ्यको कामना ॥
बुद्ध शासनकी स्नेही छोरी ।
धम्मवती गुरूमां ए तिमी ॥
मानिपो नामले बर्मामा तिमी ।
प्रख्यात भएकी ए गणेश कुमारी तिमी ॥
सानै देखि एकोहोरो स्वभावकी ।
अतिनै चञ्चल सिपालु तिमी ॥
असल ज्ञानको खोजीमा हिंड्ने ।
जेहेन्दार विद्यार्थी हौ तिमी ॥
विशुद्ध बुद्ध वचन अध्ययन गर्ने ।
जाग्यौं प्रवल इच्छा जब तिमी मा ॥
भागी गयौ नेपाल छाडी वर्मामा अनि तिमी ।
प्रव्रजित गुरूमां बन्यौ कुशी नगरमा पुगी ॥
घना जङ्गल पशुहरूको भय र त्रासले पनि ।
केही न केही भयो तब तिमी लाई अनि ॥
लम्कयौ है लम्क्यौ उद्देश्य प्राप्ती ताकी ।
कलीली चौध वर्षको उमेरमा पैदल हिँडयौ ॥
बर्मामा पुगी जेल सजाँय भोग्नु परे पनि ।
खुसी भइनै वितायौ त्यहाँ तिमी ॥
जिती छोड्यौ कर्मचारीहरूको मन पनि ।
करूणा पात्र उनीहरूको वनी तिमी ॥
दिनै रातै कठोर परिश्रमले अनि ।
विभूषित बन्यौ धम्मवती गुरूमां तिमी ॥
शासन ध्वज धम्म चरिय उपाधि वाट पनि ।
बन्यौ वर्मामा मानिपो नामले प्रसिद्ध पनि ॥
माता पिताको मात्र स्नेही छोरी नभई ।
नेपालमा बुद्धधर्मको स्नेही छोरी पनि भयौ ॥
बुद्ध धर्मको प्रचार प्रसारमा तिमी ।
नेपालको तारा बन्यौ धम्मवती गुरूमां तिमी ॥
धन्य धन्य मानिपो धम्मवती तिमीलाई ।
शुभकामना छ है मुरी मुरी शुभकामना ॥
त्रियासियौं जन्म दिवसको उपलक्षमा ।
दिर्घायु र सुस्वाथ्यको शुभकामना! ॥
शुभकामना ! शुभकामना !! शुभकामना !!!
साधु ! साधु !! साधु !!
॥ भवतु सब्ब मंगलम् ॥

✍ **लक्ष्मी हीरा तुलाधर**
डिल्ली बजार, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## आशिका वर्ग (आचायन वग्गो)

*२०७३ जेष्ठ २२ गते, शनिवार*
*प्रवक्ता- मदनरत्न मानन्धर*
*प्रस्तुती- राजभाई तुलाधर*

अंगुत्तर निकायको दुक निपातको आशिका वर्ग अन्तरगत पर्ने सूत्र नं. १३४ मा भगवानको वाणी यसरी उल्लेख गरिएको छ–

"श्रद्धालु उपासिकाले यदि सम्यक रूपले आशिका गर्ने हो भने म खुज्जुत्तरा र वेलुकण्डनन्दमाता (उत्तरानन्दमाता) उपासिकाहरू जस्तो हुन सकुं भनी आशिका गर्नु पर्छ।"

खुज्जुत्तरा सामावती महारानीको कित-दासी अर्थात् दासी भए पनि मन मिल्ने साथी जस्तो दासी थिइन्। एक दिन कोसाम्बीमा भगवान बुद्धको प्रवचन सुन्दा सुन्दै खुज्जुत्तरा श्रोतापन्न भइन्। श्रोतापन भइ सकेपछि तिनीले महारानी समक्ष पहिला आफुले फूल किन्न जाँदा अनुचित लाभ लिने गरिरहेको सत्य कुरा बताइन्। महारानी प्रसन्न भएर तिनीलाई दासीबाट मुक्त गरी दियो । त्यसपछि खुज्जत्तरा दिनहुं बुद्धको उपदेश सुनेर आउने र महारानीलाई जस्ताको तस्तै वताउने गरीन्। खुज्जुत्तराबाट यसरी उपदेशहरू सुन्ने गर्दा गर्दै महारानीले पनि मार्गफल प्राप्त गरिन् । खुज्जुत्तरा बहुश्रुतमा अग्र उपासिका हुन्।

वेलुकण्डनन्दमाता ध्यानमा अग्र उपासिका हुन्। पतिको घरबाट विहारमा जाने अनुमति प्राप्त नभएकोले सिरिमा भनिने एक जना गणिकालाई आफ्नो पतिको सेवा गर्न लगाएर उनी केही दिनको लागि विहार गएकी थिइन् । सिरिमालाई घर आफ्नै बनाउने लोभ उत्पन्न भयो । केही दिनपछि वेलुकण्डनन्दमाता घर फर्कदा सिरिमाले तिनीलाई उम्लेको तेल खन्याएर मार्ने कोशीस गरीन्। तर उनको मैत्री बलले गर्दा केही पनि भएन। यो कुरा भगवान् कहाँ पुगे पछि वहाँले वेलुकण्डनन्दमाताको प्रशंसा गर्दै भन्नु भयो– क्रोधीलाई अक्रोधले, दुष्टलाई मैत्रीले, कन्जुसलाई दानले, असत्यलाई सत्यले जित्नु पर्छ। आशिका वर्गकै सूत्र नं. १३५ मा भगवान्को वाणी यस्तो छ–

"दुईटा धर्मले युक्त भएको मूर्ख, अव्यक्त, असत्पुरूषले आफ्नो क्षति, आफ्नो हानी आफै गर्छ। उ अवगुणी हुन्छ, दोषी हुन्छ र विज्ञपुरूषहरूद्वारा निन्दनीय हुन्छ। फेरि उसले धेरै अपुण्य पनि कमाउँछ।"

यहाँ स्वभावलाई धर्म भनीएको हो । दुईटा धर्म के के हुन् त ? ती हुन्–

१) विना जानी, बिना विचार गरी अवगुणीलाई प्रशंसा गर्छ।
२) बिना जानी, बिना विचार गरी गुणीलाई निन्दा गर्छ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी शनिवारिय कक्षा सञ्चालन प्रतिवेदन

*प्रस्तुकर्ता- कोषाध्यक्ष, श्यामलाल चित्रकार*
*२०७२ चैत्र १३ गते*

मिति २०२२ साल वैशाख २६ गते शनिवारका दिन विधिवत उद्घाटन भई स्थापना भएको धर्मकीर्ति विहारको स्वर्ण महोत्सव विविध कार्यक्रमहरू सहित २०७१ साल भरी भव्य रूपमा मनाउन पाएकोमा हामी सवै गौरवान्वित छौं । स्वर्ण महोत्सवको समापन समारोह २०७२ साल वैशाख १३ गते मंगलवारका दिन गर्ने भएको मा सोको अघिल्लो दिन वैशाख १२ गते विहान ११.५६ बजे आएको महाविनासकारी भूकम्पले गर्दा स्वर्ण महो त्सवको समापन समारोह कार्यक्रम २०७२ साल श्रावण २ गते शनिवारका दिन सम्पन्न भएको थियो । सोहि समारोहको विचमा धर्मकीर्ति विहारमा एउटा सशक्त तथा महत्त्वपूर्ण इकाईको रूपमा रहेको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आफ्नो उद्देश्य अनुरूप स्थापना काल देखि अटूट रूपमा सञ्चालन गर्दै आएको शनिवारिय कक्षाको विवरण पुस्तक धम्मानुशासक संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले विमोचन गर्नु भएको थियो। सो पुस्तकमा शुरू देखि २०७१ साल सम्मको कक्षाको विवरण छापिएको छ। २०७२ साल वैशाख देखि चैत्र ६ गते सम्ममा जम्मा ४९ पटकको कक्षा लिई अध्ययन गोष्ठीलाई ठूलो गुण लगाउनु भएको छ। उहाँहरूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछौ।



Downloaded from http://www.dhamma.digital

| क्र.सं. | कक्षालिने व्यक्तिको नाम | कक्षा संख्या |
|---|---|---|
| १. | श्रद्धेय धम्मवती गुरूमां | १ |
| २. | श्रद्धेय इन्दावती गुरूमा | ५ |
| ३. | श्रद्धेय कुसुम गुरूमा | १ |
| ४. | श्रद्धेय शान्त मैत्री भन्ते | ३ |
| ५. | श्री मदन रत्न मानन्धर | ९ |
| ६. | डा. रीना तुलाधर | ८ |
| ७. | श्री देवकाजी शाक्य | ८ |
| ८. | श्रीमती उर्मिला ताम्राकार | ४ |
| ९. | श्री त्रिरत्न मानन्धर | ३ |
| | **२०७२ सालमा भएको जम्मा कक्षा संख्या** | **४२** |
| | **चाडपर्व भ्रमण इं. कारणले कक्षा नभएको** | **७** |
| | **२०७२ साल चैत्र ६ सम्ममा जम्मा शनिवार संख्या** | **४९** |

विहारमा आउने वयस्क उपासक उपासिकाहरूको छोरा छोरीहरू र अन्य युवाहरूलाई बुद्ध शिक्षा अध्ययन र अध्यापन गराउने उद्देश्यले स्थापित यस अध्ययन गोष्ठीको ४५ वर्षको अवधिमा श्रद्धेय धम्मवती गुरूमां र श्रद्धेय अश्वघोष भन्तेको अथक प्रयास र अमूल्य योगदानको फलस्वरूप सक्षम बौद्ध जनशक्ति तयार भई रहेको हामीले अनुभव गर्न सक्छौं । यस शनिवारिय कक्षालाई समय सापेक्ष अनुरूप अरू सशक्त र सक्षम बनाउने बारे आज विहान भएको छलफल र सुझाउ अनुसार कार्य गर्दै जाने बारे विश्वास दिलाउन चाहन्छौं । अन्तमा कक्षा सञ्चालनको संयोजक श्रद्धेय इन्दावती गुरूमां लगायत सहभागीहरूलाई चिया, जलपान तथा अन्य सहयोग गर्नेहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

# धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रबाट परियत्ति शिक्षामा उतीर्ण भएका विद्यार्थीहरूलाई पुरस्कार वितरण

*२०७३ असार ११ गते*

*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

अखिल नेपाल भिक्षु महासंघद्वारा वु.सं. २५५९ मा सञ्चालित बौद्ध परियत्ति शिक्षा परीक्षामा धर्मकीर्ति परियत्ति शिक्षा केन्द्र अन्तरगत रही परिक्षा दिएका विद्यार्थीहरू मध्ये उत्तीर्ण भएका परिक्षार्थीहरूलाई यसदिन पुरस्कार वितरण गरिएको थियो ।

धर्मकीर्ति परियत्ति केन्द्रद्वारा आयोजित उक्त कार्यक्रम नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रिय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान महास्थविरको प्रमुख अतिथित्त्व एवं भिक्षुणी धम्मवतीको सभापतित्त्वमा सञ्चालन गरिएको थियो ।

पञ्चशील प्रार्थना पश्चात् शुरू गरिएको उक्त कार्यक्रममा अमता गुरूमांले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो भने चमेली गुरूमांले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

परियत्ति शिक्षा कक्षा १ र कक्षा ३ मा वोर्ड प्रथम हुन सफल विद्यार्थीहरू क्रमशः मनहेरा महर्जन र श्रीजना वज्राचार्यले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा परीक्षामा उत्तीर्ण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो–

भिक्षु बोधिज्ञान महास्थविर, भिक्षुणी धम्मवती, अँगुरमान तुलाधर, उपासिका सूर्यलक्ष्मी तुलाधर, प्रत्येकमान तुलाधर, पञ्चवीरसिं तुलाधर, श्याममान वज्राचार्य आदि ।

यसरी नै वोर्ड प्राप्त गर्न सफल विद्यार्थीहरूलाई नगद पुरस्कार प्रदान गर्नुहुने दाताहरू यसरी हुनुहुन्थ्यो– चमेली गुरूमां, अमता गुरूमां, सुवण्णवती गुरूमां आदि ।

पुरस्कार दिने क्रममा रूमाल, टूथ ब्रस, साबुन र मोजा आदि सरसामानहरू प्रदान गरी सहयोग गर्नुहुने दाता गुरूमांहरू यसरी हुनुहुन्थ्यो –

धम्मवती, चमेली, केशावती, खेमावती, मेत्तावती र वीर्यवती ।

यसरी नै दिवंगत माता स्व. नानी मैंया मानन्धर छाउनी च्याखा छ्येँको पुण्य स्मृतिमा उहाँका सुपुत्र पारस मानन्धर लण्डनबाट परियत्ति शिक्षा केन्द्र धर्मकीर्तिलाई प्रदान गरिएको चन्दाबाट ५२ जना विद्यार्थीहरूलाई



Downloaded from http://www.dhamma.digital

पुरस्कार राख्ने रेशमी वायुग एक-एकवटा र बोर्ड प्राप्त विद्यार्थीहरूलाई सिद्धार्थ कुमारको प्रतिमा एक-एकवटा प्रदान गरिएको थियो । उक्त पुरस्कार दाताको तर्फवाट प्रतिनिधिको रूपमा उपस्थित हुनुभएकी ज्ञानकुमारी मानन्धरले प्रदान गर्नु भएको थियो ।

भिक्षु बोधिज्ञानले परियत्ति शिक्षाको महत्त्व विषयमा प्रकाश पार्नुभएपछि वण्णवती गुरूमांले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीले शुभ आर्शीवाद वचन सहित पुण्यानुमोदन गरी कार्यक्रम समापन गर्नुभएको थियो ।

कार्यक्रममा मीना तुलाधर कोविदले जलपानको प्रायोजन गर्नुभएको थियो ।

स्मरणिय छ यस धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रको लागि दाता प्रकाश वीरसिंह तुलाधरले प्रत्येक महिना रू १५००।- रकम चन्दा सहयोग स्वरूप प्रदान गरिरहनु भएको छ ।

# परियत्ति शिक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण

अखिल नेपाल भिक्षु महासंघद्वारा बुद्ध सम्बत् २५५९ मा संचालित परियत्ति शिक्षा परीक्षामा उर्त्तीण हुन सफल विद्यार्थीहरूलाई सम्बन्धित परीक्षा केन्द्रहरूबाट पुरस्कार वितरण गरिएको समाचारहरू यसरी प्राप्त भएका छन्–



फोटो- वीर्यवती

*निर्वाणमूर्ति किण्डोल विहारमा परियत्ति परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई भिक्षुणी धम्मवती गुरुमांले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुहुँदै*

(१) **निर्वाण मूर्ति किण्डोल विहार स्वयम्भू–**

*२०७३ साल असार १८ गते, शुक्रबार*

नेपाल बौद्ध परियत्ति शिक्षा निर्वाण मूर्ति विहार परीक्षा केन्द्रले यसदिन उक्त केन्द्रको अन्तरगत रही २५५९ मा संचालित बौद्ध परियत्ति शिक्षा परीक्षामा उर्तीण हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको छ । अमृतमान ताम्राकारले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा निर्वाण मूर्ति किण्डोल विहारमा रहँदै आएका साना दुई जना ऋषिणी वालिकाहरूले स्वागत गान गाउनु भएका थिए । यसरी नै अमृतमान ताम्राकारले नै स्वागत भाषण गर्नुभएपछि अनुप शाक्य र सुमना गुरूमांले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । यस केन्द्रबाट जम्मा २१ जना विद्यार्थीहरू उत्तीर्ण भएका थिए भने उहाँहरूलाई उपासक पूर्ण रत्न वज्राचार्यले खादा प्रदान गरी सम्मान गरिएको थियो ।

उक्त पश्चात् कार्यक्रमको प्रमुख अतिथि भिक्षुणी धम्मवतीले परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाण पत्र प्रदान गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

निर्वाण मूर्ति किण्डोल विहारमा २०७२ सालमा स्थापना गरिएको यस परीक्षा केन्द्रको लागि रू. १ लाख चन्दा सहयोग प्रदान गरी पुण्य सञ्चय गर्नुभएका दि. इश्वरराज वन्तकी श्रीमती शारदा वन्तले उक्त पुरस्कारहरू भिक्षुणी धम्मवतीलाई अर्पण गरिसकेपछि भिक्षुणी धम्मवतीले सम्वन्धित सफल परीक्षार्थीहरूलाई प्रदान गरी रोचक ढंगले संचालित उक्त कार्यक्रमको अन्त्यमा विहारका प्रमुख भिक्षुणी धम्मविजयाले धन्यवाद ज्ञापन गर्नुभएको थियो। सो पश्चात् भिक्षुणी धम्मवतीले ओवाद एवं शुभकामना व्यक्त गर्नुभएको उक्त कार्यक्रममा विहारबाट प्रकाशित द्वैमासिक "निर्वाणमूर्ति विहार बुलेटिन र पवित्र महापरित्राण पाठ २०७३ सि.डि. विमोचन गरिएको थियो।

कार्यक्रमको अन्त्यमा परियत्ति शिक्षाका विद्यार्थीहरूले आ-आफ्नो मन्तव्य व्यक्त गरिएको थियो।

(२) **मैत्रेय युवा संघ, थथुबही–**

अखिल नेपाल भिक्षु महासंघद्वारा बुद्ध सम्वत् २५५९ मा संचालित परियत्ति शिक्षा परीक्षामा उत्तीर्ण हुन सफल मैत्रेय युवा संघ र इ.जी. पाइनिर्योस इङ्गलिस स्कुलका विद्यार्थीहरूलाई प्रमाणपत्र तथा पुरस्कार वितरण गरियो।

पञ्चशील प्रार्थना पश्चात् शुरू गरिएको उक्त कार्यक्रममा ४२ जना विद्यार्थीहरूलाई मुनि विहारमा श्रद्धेय भिक्षु अर्जुनले प्रमाण पत्र तथा पुरस्कार प्रदान गर्नुभयो।

मैत्रेय युवा संघले आयोजना गरेको उक्त कार्यक्रम संघका अध्यक्ष सत्य लक्ष्मी रंजितको सभापतित्त्वमा संचालन गरिएको थियो।

भिक्षु अर्जुनले प्रवचन गर्नुभएपछि परियत्तिका विद्यार्थीहरू मेघना श्रेष्ठ, सोनी फाजु, सुलोचना कोजु, रक्षा वज्राचार्य, आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सनसाइन स्कुल परियत्ति केन्द्रका पुण्य प्रसाद ढकाल तथा मुनि विहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष रामकृष्ण वैद्यले पनि परियत्ति शिक्षाको महत्त्व र आवश्यकता बारे आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थिए।

मैत्रीय परियत्ति केन्द्रका केन्द्राध्यक्ष तीर्थराज वज्राचार्यले नेपाल बौद्ध परियत्ति शिक्षाको स्वर्ण जयन्तीको उपलक्ष्यमा परियत्ति प्रशिक्षण तालिम र मैत्रेय युवा संघको संयुक्त आयोजनामा परियत्ति शिक्षालाई विहारमा मात्र सीमित नराखी स्कुलहरूमा पनि लागु गर्नु पर्ने आवश्यकतालाई महसुस गरी हाल एभरेष्ट इङ्गलिस स्कुल, जेनिथ इङ्गलिस स्कुल, सनसाइन स्कुल, इः जि.पाइनियोर्स स्कुल, प्रोक्सिमा इङ्गलिस स्कुल आदिमा पनि परियत्ति शिक्षा संचालन गरिसकेको विषयमा जानकारी दिनुभयो।

(३) **जेनिथ स्कुल भक्तपुर–**

भक्तपुर जेनिथ इङ्गलिस स्कुल परियत्ति केन्द्रबाट वि.सं. २५५९ मा परियत्ति शिक्षा परीक्षामा उत्तीर्ण भएका १८ जना विद्यार्थीहरूलाई प्रमाणपत्र तथा पुरस्कार वितरण गरिएको छ।

श्रद्धेय भिक्षु शान्तमैत्रीले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा परीक्षामा उत्कृष्ट स्थान हासिल गर्न सफल कक्षा २ का सूरज धौ वञ्जार, सोनिया खत्री आदिले नैतिकवान् र चरित्रवान् बन्नका लागि परियत्ति शिक्षा अध्ययन गर्न अत्यावश्यक भएको विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो।

परियत्ति शिक्षाका शिक्षक सन्चित बुद्धाचार्य र मैत्रेय परियत्ति केन्द्रका केन्द्राध्यक्ष तीर्थ राज वज्राचार्यले परियत्ति शिक्षालाई स्कुलहरूमा पनि लागु गर्नुपर्ने विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए।

प्रमुख अतिथि भिक्षु शान्त मैत्रीले पुरस्कार तथा प्रमाण पत्र वितरण गर्नुभएको र निरञ्जना सुवालले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रम जेनिथ इङ्गलिस स्कुलका प्रिन्सिपल सुन्दर सुवालको सभापतित्त्वमा सञ्चालन गरिएको थियो।

## संघनायक भिक्षु अश्वघोष महास्थविरया गुइदं (९०) बुदिं व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया प्रव्रज्या दिवस

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् भ्वँतया ध्यानकुटी विहारय् संघनायक भिक्षु अश्वघोष महास्थविरया ९० गुइदँ बुदिं व गोष्ठीया प्रव्रज्या दिवस तःजिक हन।

नेपाःया निंति श्रीलंकाया राजदूत डब्लु एच सिनवेरथन्या प्रमुख आतिथ्यय् न्ह्याःगु उगु ज्याभ्वया लसकुस गोष्ठीया सचिव लोचनतारा तुलाधरं न्ह्याका दीगु खः। वसपोल संघनायक भन्तेया बुदियां लसताय् थीथी उपहार देछायेगु ज्या जुल। वसपोलयात श्रीलंकाया राजदूत, गोष्ठी पाखें उपाध्यक्ष इन्दावती गुरूमां, धर्मकीर्ति विहार संरक्षण कोषया उपाध्यक्ष चमेली गुरूमां, व



Downloaded from http://www.dhamma.digital

द्रव्यमानसिं तुलाधर, धर्मकीर्ति स्वास्थ्य कमितिपाखें रोशनकाजी तुलाधर, निर्वाण मूर्ति विहारपाखें सचिव अमृतमान ताम्राकार लिसें उपस्थित उपासक उपासिकापिनिपाखें दान प्रदान याःगु खः ।

ध्यानकुटी विहार व धर्मकीर्ति विहारया आपालं उपासक उपासिकापिसं ब्वति काःगु उगु ज्याभ्वलय् ध्यानकुटी विहार प्रमुख भिक्षु राहुलं थः गुरू संघनायक अश्वघोष भन्ते, प्रव्रज्या व प्रव्रज्या दिवसया महत्त्व ध्यानकुटी वाल मैत्री आश्रम शुरू जूगुनिसेंया घटना कना बिज्यात । अरूणसिद्धि तुलाधरं न्ह्याकादीगु उगु ज्याभ्वलय् श्रद्धाचारी गुरूमांनं भन्ते बारे च्वसु, अमीरकुमारी शाक्यं चिनाखँ ब्वनाः न्यंकादीगु खःसा अल्पकालीन श्रामणेर व ऋषिणी प्रव्रज्याय् ब्वति काये धुंकूपिं अभिषेक बज्राचार्यं थःगु अनुभव, आहना तुलाधरं कीवोर्ड पाखें **"जय नमो श्री"** भजनया धुन, ऋद्धि तुलाधरं कीवोर्ड मंगल धुन थाःगु खः उपिं मचातयत् श्यामलाल चित्रकारपाखें सिद्धार्थ प्रतिमा? सनी तुलाधरपाखें जातक कमिक्स, श्रावस्ती तुलाधरपाखे उपहार प्रदान याःगु खः । ज्या भ्वःया संयोजक सुभद्रा स्थापितं सुभाय् देछानादीगु उगु ज्याभ्वलय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी पाखें ध्यानकुटी मैत्री बाल आश्रमया भिंस्वम्ह मचातयत् वसः व प्रणिधि तारा तुलाधरपाखें आश्रमया पुस्तकालययात विभिन्न बाल उपयोगी सफूत लःल्हाःगु खः । पूजनीय अश्वघोष भन्ते नं उपस्थित सकसितं मैत्रीपूर्वक आर्शिवचन बिया बिज्यात ।

ध्यानकुटी विहार परिवारपाखें सकसितं जलपानया प्रवन्धयागु खः ।

*प्रस्तुती- लोचनतारा तुलाधर*

## धर्मकीर्ति पत्रिकाको लागि चन्दा सहयोग

**दाता विकाश शाक्य, वटु काठमाडौंको तर्फबाट धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगति कामना गरी रू. ५००।– चन्दा सहयोग प्रदान गर्नुभएको छ । यस सहयोगको लागि धर्मकीर्ति पत्रिका साधुवाद व्यक्त गर्दै उहाँको निरोगी एवं सफल जीवनको कामना गर्दछ ।**

**धर्मकीर्ति पत्रिका**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*जन्म-*
*२००८ साल*



*दिवंगत-*
*२०७३ असार १७*

## दिवंगत नानीमय्जु महर्जन

चम्पा पुचः धर्मकीर्ति विहारया दुजः उपासिका नानीमय्जु महर्जन दिवंगत जुयादिल । वय्कःया पारलौकिक जीवन सुगतिमय ज्वीमा । याकन हे निर्वाणया हेतु चूलाय्मा धकाः आशिका यासे पुण्यानुमोदन यानाच्वना । वय्कःया परिवार दुजःपिसं थुगु दुःखद् घडी संसारया अनित्य स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः कामना यानाच्वना ।

**चम्पा पुचः**
**धर्मकीर्ति विहार, श्रीघः नःघः, यें**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

## आर्थिक प्रतिवेदन

*प्रस्तुकर्ता- कोषाध्यक्ष, श्यामलाल चित्रकार ।* *प्रस्तुती- २०७२/१२/१३*

वि.सं २०७१/१२/८ देखि वि.सं. २०७२/१२/१२ सम्मको निम्न अनुसार जम्मा आम्दानी रू. २३८१९३.२३ मध्ये रू. १८५४३५.२६ खर्च भई रू. ५२७५७.९७ बचत भएको छ। आजको मितिमा रू. ११३१४१४.४६ जम्मा मौज्दात रहेको छ।

| क्र.सं. | विवरण | आम्दानी रु. मा | खर्च रु. मा | बचत (न्यून) |
|---|---|---|---|---|
| (क) | कार्यक्रमहरू | | | |
| | १. वार्षिक भेला | ८८००.०० | १६२२०.०० | ७४२०.०० |
| | २. श्रद्धेय अश्वघोष भन्तेको ८९औं जन्मोत्सव | १७४००.०० | १३६९०.०० | ३७१.०० |
| | ३. श्रद्धेय धम्मावती गुरूमांको ८२ औं जन्मोत्सव | | ३०००.०० | ३०००.०० |
| | ४. गुरू पूजा | १२६०५.०० | १२६०५.०० | ०.०० |
| | ५. बौद्ध हाजिरी जवाफ प्रतियोगिता | १०५००.०० | १२०८६.०० | १५८६.०० |
| | ६. अल्पकालिन ऋषिणी तथा श्रामणेर प्रव्रज्या | ८८६९०.०० | ७३७१०.०० | १४९८०.०० |
| | किताब प्रकाशन | १६६१२.०० | ३६६८०.०० | २००६८.०० |
| | **जम्मा** | **१५४६०७.००** | **१६७९९१.००** | **१३३८४.००** |
| (ख) | अन्य आम्दानी खर्चहरू | | | |
| | १. ब्याज आम्दानी - एक्प्रेस | ५६८७०.२३ | | |
| | २. ब्याज आम्दानी - शुभगणपति | १६२१६.०० | | |
| | ३. सदश्यता शुक्ल | १०५००.०० | | |
| | ४. विज्ञापन खर्च | | ३०००.०० | |
| | ५. यातायात खर्च | | ५००.०० | |
| | ६. उपहार विपलपात खरिद | | ८४००.०० | |
| | ७. ब्याज कर | | ५५४४.२६ | |
| | **जम्मा** | **८३५८६.२३** | **१७४४४.२६** | **६६१४१.९७** |
| (ग) | (क) र (ख) जम्मा | २३८१९३.२३ | १८५४३५.२६ | ५२७५७.९७ |
| (घ) | गत वर्षको मौज्दात | १०७८१५६.४९ | | |
| | थप यस वर्षको वचत | ५२७५७.९७ | | |
| | यस वर्षको मौज्दात | १११३०९१४.४६ | | |
| (ङ) | यस वर्षमा भएको मौज्दात विवरण | | | |
| | १. एक्सप्रेस - मुद्दति ११३७ | | ०.०० | |
| | २. एक्सप्रेस - १५२८ | | ०.०० | |
| | ३. एक्सप्रेस - वचत | | ८५८१०५.७९ | |
| | ४. शुभगणपति - मुद्दति ६११ | | १०००००.०० | |
| | ५. शुभगणपति - वचत | | १२९०६४.०० | |
| | ६. ने.बैंक लि. - चल्ती | | ५५०१.६७ | |
| | ७. साँस्कृतिक कार्यक्रम सिडि बनाउन<br>रू. ५००००.०० मध्ये रू.२६५००.०० र<br>रू. ४५४०.०० चुक्ता चुक्ता भई बाँकी | | १८९६०.०० | |
| | ८. पुस्तक प्रकाशन गर्न पेस्की श्रीमती रीना तुलाधर<br>रू. ३५४२५.०० मध्ये रू. १७८००.०० चुक्ता | | १७६२५.०० | |
| | ९. दिन बाँकि - श्री राम कुमारी | ५००.०० | | |
| | १०. नगद बाँकी | | २१५८.०० | |
| | **जम्मा** | **११३१४१४.४६** | **११३१४१४.४६** | |



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार

समाचार

## सशस्त्र प्रहरी बल प्राङ्गणमा बुद्ध मूर्ति अनावरण

*२०७३ असार ४ गते, शनिवार ।*
*चोभार गेट, कीर्तिपुर ।*

सशस्त्र प्रहरी बल कालिञ्चोक भगवती गण चोभार गेट कीर्तिपुरमा शाक्यमुनी बुद्धको ३ फीट अग्लो मूर्ति अनावरण गरिएको समाचार प्राप्त भएको ।

सुलक्षणकीर्ति विहारको आयोजनामा आयोजित उक्त कार्यक्रममा उक्त विहारकी प्रमुख भिक्षुणी डा. अनोजा सशस्त्र प्रहरीबल चोभार गेटका प्रमुख एस.पि.दुर्गा प्रसाद भट्टराई, नेकपा एमालेका नेता कृष्णगोपाल श्रेष्ठ, मूर्ति प्रदान गर्ने दाताहरू बुद्ध रत्न महर्जन, र त्रिरत्न महर्जन, गणेश दर्शनधारी र वसला दर्शनधारी लगायत अन्य स्थानिय वासिन्दाहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमकी प्रमुख अतिथि डा. अनोजा गुरूमांले मूर्ति अनावरण गर्नु भएपछि आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै शान्ति सुरक्षाको लागि खटिने प्रहरी दाजुभाई, दिदी-बहिनीहरूले भगवान् बुद्धको उपदेशलाई पालन गर्दै कर्त्तव्य निर्वाह गर्दा सुनमा सुगन्ध हुने विचार व्यक्त गर्नुभयो । मन्तव्य व्यक्त गर्ने क्रममा मूर्ति दाताहरू मध्यको दाता त्रिरत्न महर्जन र वसला दर्शनधारीले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

कार्यक्रममा एस्पि दुर्गाप्रसाद भट्टराईले धन्यवाद व्यक्त गर्नुहुँद्र भगवान बुद्धले हिंसा नगर्ने ज्ञान दिनुभयो भने हामी हतियार बोकेर मानवलाई हिंसाबाट जोगाउने प्रयत्न गर्छौं भन्नु भयो ।

कार्यक्रमका सहभागी स्थानीय व्यक्तिहरूले यसरी नै अन्य स्थानहरूमा पनि गौतम बुद्धको मूर्ति स्थापना गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

## मैत्री बोधिसत्त्व महाविहारमा बुद्धपूजा र धर्म देशना

२०७३ साल जेठ ३० गते अष्टमीका दिन मैत्री बोधिसत्त्व महाविहारमा वीर्यवती गुरूमांबाट बुद्धपूजा कार्यक्रम संचालन गर्नुभई धर्मदेशना गर्नु भएको थियो ।

धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरेको उक्त कार्यक्रममा उपस्थित हुनुभएका सवैलाई उपासिकाद्वय प्राणमाया वज्राचार्य र नील शोभा तुलाधरले जलपान प्रायोजन गर्नु भएका थिए ।

कार्यक्रमको अन्त्यमा उपासिका नीलशोभा तुलाधरकी दिवंगत श्रीमान् डवलरत्न तुलाधरको पुण्यस्मृतिमा पुण्यानुमोदन गरिएको थियो ।

उक्त दिनको कार्यक्रम उपासक श्याममान वज्राचार्यले सञ्चालन गर्नुभएको थियो ।

**धर्मकीर्ति पत्रिकाका धर्मकीर्ति पत्रिका विशेष सदस्य**

*क्र.सं. ८५१*

**मनोहरा देवी शाक्य**

ओकुबहाल, ललितपुर – रू. २०००।–

*क्र.सं. ८५२*

**गङ्गा श्रेष्ठ**

नरदेवी, काठमाडौं – रू. २००५।–

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

अग्गमहापण्डित डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको संस्थापक अध्यक्षतामा स्थापित यस **थेरवाद बुद्धिष्ट एकेडेमी**ले लुम्बिनी बौद्ध विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी थेरवाद बुद्धधर्ममा एम.ए. तहको कक्षा विगत चार वर्षदेखि सञ्चालन गर्दै आएको छ ।

मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातक तह (BA) वा सो सरह उत्तीर्ण गरेका ईच्छुक महानुभावहरूलाई भर्ना हुनको निम्ति आह्वान गरिन्छ ।

**कक्षा सञ्चालन – २०७३ भाद्र देखि**

**समय विहान – ६:३० देखि ९:०० बजेसम्म ।**

**स्थान – विश्वशान्ति विहार, मीनभवन, नयाँबानेश्वर, काठमाडौं ।**

**सम्पर्क – ४६२०६१०, ९८४११७४७२०, ९८४१९३४२८३ ।**



Downloaded from http://www.dhamma.digital

# गौतमी विहार लुम्बिनीमा सौर्यवत्ति जडानको लागि प्राप्त चन्दा र खर्च विवरणको बाँकी अंश

| क्र.सं. | दाताको नाम | प्राप्त चन्दा रु. मा | कैफियत |
|---|---|---|---|
| २. | पूर्ण देवी महर्जन, विजेश्वरी | १०००.०० | बु.सं २५६०, वर्ष ३४ अंक २ ,पेज नं २३ मा प्रकाशित चन्दा विवरण क्र.सं. २ को प्राप्त चन्दा रू. ५००।- मात्र भइरहेकोले यसलाई यस अंकमा सच्चाइएको छ। |
| ११९. | सजला डंगोल, इनाखा | २०००.०० | |
| १२०. | सुलोचना ताम्राकार | ५०००.०० | |
| १२१. | तुलसीमाया महर्जन | १५०.०० | |
| १२२ | चन्द्रशोभा | ५००.०० | |
| १२३. | लक्ष्मीनानी न्यतपुचः | ३०००.०० | |
| | **कूल आम्दानी रु.** | १२४,८०५.०० | |
| | **कूल खर्च रु.** | १,०३,७००.०० | |
| | **बाँकी रकम रु.** | २१,१०५.०० | |

*संयोजक- देवनारायण महर्जन, फोन नं. ९८०८४२३३२२*

## एक दिवसीय ध्यान शिविरया सूचं

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया नियमित अभिधर्म कक्षाया व्वँमिपिन्त विशेष लक्ष्यित यानाः हरेक महिनाया पुन्हीपातिकं सञ्चालन जुइगु एक दिवसीय विपस्सना ध्यान शिविरय् सकल श्रद्धालुपिन्त स्वागत दु।

यँया सानो भऱ्यांगस्थित **रत्न विपस्सना विहारय्** कम्मट्ठानाचार्य ऊ **सुजनपिय सयादो व निर्मलज्ञाणी (वीणा)** गुरुमांया दक्ष निर्देशनय् जुइगु ध्यान शिविरय् सहभागी जुयाः दुःखं मुक्त जुइगु निर्वाणपाखे पलाः न्ह्याकेनु।

**ध्यान समय : सुथसिया ७:०० बजेनिसें न्हिनसिया ४:०० बजेतक्क।**

*सम्पर्कः*
**रीना तुलाधर** : ९८५१००३५०४
**उष्णीषतारा तुलाधर** : ९८४१२०८१९२

*संयोजकः*
**उष्णीषतारा तुलाधर**
*'परियत्ति सद्धम्म कोविद'*

## धर्मकीर्ति पत्रिकाका ग्राहक वर्गहरूका लागि सूचना

**धर्मकीर्ति पत्रिकाको वार्षिक सदस्यता शुल्क बैंकको खाता मार्फत बुझाउन चाहनुहुने ग्राहक वर्गहरूले नेपाल बैंक लिमिटेड कान्तिपथ शाखाको खाता नंम्बर (२१७०१०००१८४२४२००००01) मा उक्त रकम दाखिला गरी सहयोग गरिदिन हुन अनुरोध गरिन्छ।**

**व्यवस्थापक, धर्मकीर्ति पत्रिका**



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*बुदिँ :*
*बि.सं. १९९५*
*कार्तिक १७*

*मदुगु दिँ :*
*बि.सं. २०७३*
*बैशाख २२ गते*

# दिवंगत डबलरत्न तुलाधर, पूच्व:

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खल:या दुज: नील शोभा तुलाधरया जहान डबलरत्न तुलाधर दिवंगत जुया दिल ।

जाती, जरा, ब्याधी व मरण, दु:ख ख: । "अधु वं मे जीवितं धुवं मे मरणं" धका: भगवान् बुद्धं धयाबिज्या:गु वचनयात लुमंकुँ लुमंकुँ देह त्याग यानादीम्ह वयक: उपासकया सुगती प्राप्त जुया: याकन हे निर्वाणया हेतुनं चूलाय्मा धका: आशिका यासे पुण्यानुमोदन यानाच्वना । दु:खं क:पिं वय्क:या छ्यैंज:पिसं नं बुद्ध वचनयात लुमंका: धैर्य धारण याय् फय्मा धका: कामना याना ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खल:

धर्मकीर्ति विहार, श्रीघ: न:घ:, यँ



Downloaded from http://www.dhamma.digital

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) प्रकाश ताम्राकार, सुशिला ताम्राकार, न्यू ताम्राकार हाउस्, भोटाहिटी रु. २५,०००/-
२) तीर्थ बहादुर मानन्धर, चसाँद रु. ५०००/-
३) बाबु राजा कंशाकार, निर्मला कंशाकार, बुराँख्योः रु. ५०००/-
४) अष्ट रत्न धाख्वाः, रत्नदेवी धाख्वाः परिवार, शान्ति नगर, मीनभवन बाट भोजन तथा रु. ३०००/- प्रदान ।
५) शिशिल तुलाधर, घट्टेकुल रु. २०००/-
६) निर्मला मानन्धर, असन, कमलाक्षी बाट रु. १०००/-
७) भिक्षु शोभित, गणमहा विहारबाट जलपानको लागि रु. १०००/-
८) निवेदिता तुलाधर, ताहाचल रु. १०००/-
९) रस्मीला तुलाधर, कालिकस्थानबाट स्व. आमा मोतीलानी तुलाधर, स्व. भाई बिकाशरत्न तुलाधर को पुण्यस्मृतिमा रु. १०००/-
१०) उर्मिला तुलाधर, ताहाचल रु. १०००/-
११) अमिर कुमारी शाक्य, ढल्को रु. १०००/-
१२) राकेश शाक्य, बनेपा रु. ५००/-
१३) बुध्द भक्त रंजित, बनेपा रु. ५००/-
१४) प्रेमज्योती शाक्य, बनेपा रु. ५००/-
१५) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट बालिकाहरूलाई कुर्ता कपडा प्रदान ।
१६) पद्मशोभा तुलाधर, भोटाहिटी लुगा प्रदान ।
१७) नाती मानन्धर, विद्या मानन्धर परिवार, बालाजु बाट भोजन प्रदान ।
१८) शान्त मान शाक्य परिवार, पाटनबाट भोजन प्रदान ।
१९) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

२०) अष्टमान सिं बनिया, ताहाचल आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. १५,०००/-
२१) प्रसेन तुलाधर, गौह्रीधारा आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. २०,०००/-
२३) लुदन तुलाधर, गौह्रीधारा आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. २०,०००/-
२४) केदार काजी मानन्धर, बनेपाबाट स्व. आमा बिष्णु माया मानन्धरको पुण्यस्मृतिमा रु. १५५०५/-

# Little Prince No-Father
## (The Power of Truth)-2

Then the poor woman thought to herself, "I have no witness and no evidence to prove what I say. I have only my faith in the power of truth." So she said to the king, "If I throw this little boy up into the air, If he truly is your son, may he remain in the air without falling. If he is not your son, may he fall to the floor and die!"

Suddenly, she grabbed the boy by his foot and threw him up into the air. Lo and behold, the boy sat in the cross-legged position, suspended in mid-air, without falling. Everyone was astonished, to say the least! Remaining in the air, the little boy spoke to the mighty king. "My lord, I am indeed a sonborn to you. you even maintain countless elephants, horses and other animals, And yet, you do not think of looking after and raising me, your own son. please do take care of me and my mother."

Hearing this, the king's pride was overcome. He was humbled by the truth of the little boy's powerful words. He held out his arms and said, "Come to me my son. and I will take good care of you."

Amazed by such a wonder, all the others in the court put out their arms. They too asked the floating little boy to come to them. But he went directly from mid-air into his father's arms. With his son seated on his lap, the king announced that he would be the crown prince, and his mother would be the number queen.

In this way, the king and all his court learned the power of truth. Benares became known as a place of honest justice. In time the king died. The grown up crown prince wanted to show the people that all deserve respect, regardless of birth. So he had himself crowned under the official name, "King No-father!" He went on to rule the kingdom in a generous and righteous way. ❖ *to be continue ... ...*



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

*बुन्ही :*
*१९९८ आश्वीन*
*२० गते*



*मदुगुन्हि :*
*२०७३ असार*
*३ गते*

# बिष्णु माया मानन्धर

बनेपा ध्यानकुटी विहार संरक्षण समितिया उपाध्यक्ष्य, मैत्रीकेन्द्रया सदस्य गौरी संकर मानन्धरया जहान, केदार काजी, हरि संकर, बद्रि माया, गुह्येश्वरी मानन्धरपिनि हनेबहम्ह जन्मदाता माँ ध्यानकुटी विहारया आजीवन सदस्य **बिष्णु माया मानन्धर ७५** दँया उमेरय् वंगु २०७३ असार ३ गते नस्वरगु देह तोता परलोक जुया दिल । वसपोलया परलोक सुगतिमय जुयेमा नापं संसार दुःखं तरेजुयाः निर्वाण सुख लाभ याना कायेफयेमा धकाः पुण्यानुमोदन याना च्वना । दुखंकःपिं सकल छेंजःपिंसं अनित्ययात लुमंकाः धैर्यधारण यायेफयेमा धकाः आशिका यानाच्वना ।

**जहान - गौरी शंकर मानन्धर**

**काय्पिं - केदार काजी मानन्धर, हरि शंकर मानन्धर**

**म्ह्याय्पिं - बद्री माया मानन्धर, गुह्येश्वरी मानन्धर**

बनेपा

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

थ्व संसारय् उत्पत्ति जुक्व, सजीव प्राणीपिं ।
लगायत निर्जीव पदार्थत फुक्कं अनित्य हे ख: ॥
प्रकृतिया स्वभाव धर्म हे उत्पत्ति व विनास ख: ।
उत्पत्ति विनासया थ्व चक्रय् चा:हिले म्वाय्‌क थुगु ॥
धारं अलगग ज्वीफइगु हे सक्कलिगु सुख ख: ॥



# दिवंतग हेरादेवी शाक्य, जमल

धर्मकीर्ति विहारया पुलाँम्ह उपासिका जिमि जहान, हेरादेबी शाक्यं थम्हं बुद्ध शिक्षा सय्‌कूथें थ: परिवारया सकल दुज: पिन्त नं बुद्ध शिक्षां दिक्षित याकेत यक्को मेहनत यात ।

संसारया अनित्य स्वभावयात पालन यासे ८२ वर्षय् (चय्‌निदंया वैशय्) दिवंगत जूम्ह जिमि जहानया गुणानुस्मरणयासे याकन हे वयात सुगति व निवार्णया हेंतु चूलाय्‌मा धका: आशिका याना ।

**जहान – धर्मवीर शाक्य**

*काय् – भौं*

**नरेशवीर शाक्य – प्रज्ञा शाक्य**
**कर्मवीर शाक्य – कल्पना शाक्य**
**रत्नवीर शाक्य – रच्चु शाक्य**

*म्ह्याय् – जिलाजं*

**धर्मदेबी शाक्य – देवीभक्त शाक्य**
**पद्मवी शाक्य –**
**तारा शाक्य – गगन विष्ट**
**अनिला शाक्य – संजीव शाक्य**
**शर्मिला शाक्य – सुनन्द शाक्य**

*छय् – छय्‌भौ*

**दर्शनवीर शाक्य – कल्पना शाक्य**
**ज: वीर शाक्य –**

सपरिवार, जम: सेतोदरवार, यैं ।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



साभार- बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

"भगवान् बुद्ध" असार पूर्णिमाको दिन सारनाथको मृगदावनमा
पञ्च भद्रवर्गिय भिक्षुहरूलाई धर्मचक्र प्रवर्तन गर्नुहुँदै ।

वर्ष-३४; अङ्क-३

बु.सं. २५६०, गुरु पुन्हि

Downloaded from http://www.dhamma.digital

*आवरण चित्र परिचय*

# धर्मचक्र प्रवर्तन

**– कल्याण मित्र सत्यनारायण गोयन्का**
**– अनुवाद वीर्यवती**

पञ्च भद्रवर्गिय साधुहरूले जब भगवान् बुद्ध आफूहरू तर्फ आइरहनु भएको देखे, तब उनीहरूले यसरी निर्णय गरे "हामीले उसलाई स्वागत पनि गर्दैनौं, अभिवादन पनि गर्दैनौं, किनभने ऊ तपभ्रष्ट भइसकेको व्यक्ति हो। त्यसैले उसलाई बस्नको लागि आशन एउटा मात्र दिनेछौं।" तर जब भगवान् बुद्ध उनीहरूको नजिक आइपुग्नु भयो, तब उहाँको तेज र प्रभावशाली व्यक्तित्त्व पहिला भन्दा तीखो, अनुहारमा अपूर्व तेज देखेपछि उनीहरूले पहिला गरेको सल्लाह र निर्णयलाई विर्सन थाले । फलस्वरुप उनीहरू पाँचजना मिली भगवान् बुद्धलाई अभिवादन गर्दै अन्य आवश्यक सेवामा जुट्न थाले ।

केहीवेरपछि पाँचजनालाई नै विश्वास हुन थाल्यो कि सिद्धार्थ कुमार त साँचो अर्थमा सम्यक सम्बुद्ध भइसक्नुभएको रहेछ। तब उनीहरूले भगवान् बुद्ध समक्ष धर्मदेशना गरिदिनु हुन अनुरोध गरेपछि भगवान् बुद्धले धर्मदेशना गर्नुभयो। यो दिन आषाढ पूर्णिमाको साँझपख थियो । भगवान् बुद्धको यो प्रथम उपदेश थियो, धर्मप्रकाशनको आरम्भ भएको दिन थियो। त्यसैले यसलाई धर्मचक्र प्रवर्त्तन भनियो। यसबाट नै धर्मचक्र चलायमान भयो ।

यो प्रथम उपदेशमा भगवान् बुद्धले यसरी भन्नुभएको छ–

आजको गृहत्यागीहरूले दुई अति मार्गहरूलाई अपनाइरहेका छन् जुन धर्म विरुद्ध छन् ।

एकमार्ग यस्तो छ, जुन मार्गमा चल्ने गृहत्यागी कामभोगको कायसुखमा तल्लीन रहनुलाई श्रेयस्कर ठान्छन् । त्यस दिनका चार आचार्य महानास्तिक थिए । उनीहरूको मत अनुसार सत्कर्म पुण्य होइन, यसको फल पनि छैन । दुष्कर्म पाप होइन, यसको नराम्रो फल पनि छैन । यी आचार्यहरूले व्यभिचार कार्यलाई नराम्रो मान्दैनन् । झन् यस कार्यलाई प्रोत्साहन दिने गर्छन् । यसको कारणले गर्दा ती आचार्यहरूको शिष्य संख्या बढ्न थाले । समाजमा उन्मुक्त कामभोगका समर्थक अनेक थिए । यो यस्तो अति मार्ग हो, जो हीन, गाउँलेहरूका लागि र अधर्मपथमा चल्ने बटुवाहरूका लागि हो । यो अनार्यहरूको मार्ग हो जुन सँधै अनर्थकारी हुन्छ ।

अतिमार्गहरू मध्ये दोस्रो मार्ग कायक्लेशको मार्ग हो जुन दुःखदायी र अनार्यहरूद्वारा सेवन गर्ने मार्ग हो ।

तथागतले यी दुवै अति मार्गको विपरित यस्तो मध्यम मार्गलाई पत्ता लगाउनु भयो, जुन मार्गमा जान सकियोभने अन्तर्चक्षु, प्रज्ञा चक्षु खुल्दछ, विद्या उत्पन्न हुन्छ, अविद्या नष्ट हुन्छ । मुक्तिको प्रकाश उत्पन्न हुन्छ । यस्तो मार्ग, जुन मार्गले सबै विकारहरू निर्मुल पार्दछ, शान्ति प्रदान गर्ने, अभिज्ञान सहितको सम्बोधि प्रदान गर्ने यो मार्ग हो ।

यो शील, समाधि, प्रज्ञाका आठवटा अंग भएको आर्यहरूको मार्ग हो । यी आठवटा मार्गहरू यसरी छन्–

१) सम्यक् दृष्टि
२) सम्यक् संकल्प (प्रज्ञाको लागि)
३) सम्यक् वचन
४) सम्यक् कर्मान्त
५) सम्यक् आजीविका (शील सदाचारको लागि)
६) सम्यक् व्यायाम
७) सम्यक् स्मृति
८) सम्यक् समाधि (सजगता र समाधिको लागि)

यही मध्यम मार्ग हो जुन मार्गमा जान सक्ने व्यक्ति आर्य बन्ने छ । जन्म-मरणको भव संसारबाट मुक्त हुनेछ ।

आषाढ पूर्णिमाको दिन लोकगुरु भगवान् बुद्धले यो धर्मचक्र प्रवर्तन गर्नुभयो । त्यसदिन देखि सबै परम्परामा आषाढ पूर्णिमालाई "गुरुपूर्णिमा" भनियो । यस्तो हुनु उचित नै थियो ।

Downloaded from http://www.dhamma.digital